मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १३६ | २०७९ साल चैत १४ गते मंगलबार | Tuesday 28, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-



चैती छठ मनाउन जनकपुरधामको पवित्र सरोवर गंगा सागर पोखरीमा सोमबार बेलुका अर्घदानका बेला व्रतालु र श्रद्धालुहरुको भीड । *तस्विर : मधेशदृष्टि*

## मन्त्रिपरिषद् विस्तारका लागि गठबन्धनको बैठक



मधेशदृष्टि
जनकपुरधाम, १३ चैत ।
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सरकार गठनको तयारीमा छन् । नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टीलगायतका दलहरुले मन्त्रीको नामसमेत तय गरिसकेकाले प्रधानमन्त्री सरकार विस्तारमा जुटेका हुन् ।

सरकार विस्तारपूर्व गठबन्धनको बैठक डाकेर पुनः प्रधानमन्त्री दलहरुको धारणा बुझ्ने मानसिकतामा छन् । त्यसैले उनले मंगलबार सत्ता गठबन्धनको बैठक बोलाएका छन् । सत्ता गठनबन्धनमा रहेका तीन शीर्ष दलबीच मंगलबार अपराह्न ४ बजे बैठक बस्ने सहमति भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालबीच भएको भेटमा मङ्गलबार अपराह्न गठबन्धनको बैठक बोलाउने सहमति भएको हो । बैठकमा मन्त्रिपरिषद् विस्तारलगायत विषयमा छलफल हुनेछ ।

सोमबार नै मन्त्रिपरिषद् विस्तार गरिने भनिए पनि दलहरुबीच सहमति हुनसकेको छैन । सत्ता गठबन्धनमा कांग्रेस, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीलगायत दल आबद्ध छन् । केन्द्र सरकारसँगै प्रदेश सरकारको भागवन्डा, उपनिर्वाचनमा गठबन्धनको उम्मेदवारीबारे पनि बैठकमा छलफल हुने बताइएको छ ।

# स्थानीय तहमा विकृति

## अल्पमतलाई अप्ठेरो, विकासमा तगारो

मधेशदृष्टि
जनकपुरधाम, १३ चैत ।
संघीय संरचनामा सबैभन्दा शक्तिशाली स्थानीय तह मानिन्छ । संघ र प्रदेशमा सरकार अल्पमतमा परे सरकार ढल्छ तर स्थानीय सरकार ५ वर्षसम्म कसैले हल्लाउन सक्दैन ।

यति शक्तिशाली हुँदाहुँदै पनि अल्पमत र बहुमतको खेलले पालिकाको काम ठप्प हुने अवस्था भने बरोबर देखिएको छ । पछिल्लो उदाहरण बनेको धनुषाको नगराई नगरपालिका र कमला नगरपालिका । दुवैले ७ महिनासम्म बजेटै ल्याउन सकेनन् भने कुनै काम अघि बढाउन सकेन । यी उदाहरण मात्र हुन् । मधेशमा यस्ता दर्जनौं पालिका छन्, अल्पमत र बहुमतको मार विकासनिर्माणमा परेको ।

महोत्तरीका १५ वटा स्थानीय तहमध्ये बर्दिबास नगरपालिका, भंगाहानगरपालिका, सोनामा गाउँपालिका र महोत्तरी गाउँपालिकासहित ४ स्थानीय तहमा प्रमुखलाई अल्पमतमा पारेर काम गर्नै सकस भइरहेको छ । र, यो वर्षको ९ महिना खेर गएको छ ।

> ‘कतै १५ दिनमै प्रशासकीय अधिकृतको सरुवा, कतै निर्णय गराउन सदस्यहरुको शरण पर्नु पर्ने बाध्यता, कतै गाउँसभा नै गर्न सकस, केन्द्र र प्रदेशमा पनि राजनीतिक सिकार बनाइएको पालिका प्रमुखहरुको निरीहता अर्थात् स्थानीय तहमा तहतहमा विकृति संस्थागत भइरहेको छ’

अल्पमतमा रहेको सरकारलाई कार्यपालिकाबाट नै घेराबन्दी छ भने बहुमत भएकालाई संघ र प्रदेशमा रहेका राजनीतिक शक्तिहरुले नियन्त्रण लिएको देखिन्छ । अधिल्लो कार्यकालमा सम्सी गाउँपालिकामा वडादेखि सम्पूर्ण कार्यपालिकामा माओवादी केन्द्रको बहुमत थियो तर पालिका प्रमुख र उपप्रमुखबीचको लडाइँले कामै हुन सकेन । स्थानीय सरकार जुन पार्टी रहे पनि केन्द्र र प्रदेश सरकारको शक्तिमा रहेकाहरुको निशाना र नियन्त्रणमै छन् ।

पुनः दोस्रो कार्यकालका लागि दोहरिएका भंगहा नगरपालिकाका प्रमुख सञ्जीव साहले अघिल्लो कार्यकालको अनुभवलाई कार्यापालिकाको पहिलो बैठकमा टेबल गर्न खोज्दा अन्य दलका कार्यपालिका बोर्ड सदस्यको विरोध खेप्नु पऱ्यो । नगर विकासको अत्यावश्यक विषयमा समेत निर्णय गर्न खोज्दा घेराबन्दी मात्र होइन कार्यपालिका बैठकमा आक्रमणको प्रयास हुने गरेको छ ।

सुरुको दुई, तीन महिना साहले यस्ता विषयलाइ झेलिरहे । प्रमुख साहले टेबल गरेका विषयमा कार्यापालिकाका सदस्यहरुले शृत लावद्ध आपत्ति जनाउँदै आए । उनी भन्छन्, ‘राम्रै काम गरेकाले जनताले यसपटक जिताए तर के गर्ने कार्यपालिका बोर्डमा बहुमत जुटाउन नसक्दा काम गर्नै समस्या भएको छ ।’ अहिले पनि

- *बाँकी पृष्ठ ६ मा*




# छोरी जन्मिदै प्रदेश सरकारद्वारा भ्रष्टाचार शुरु

**जन्मेको २० वर्ष पूरा हुँदा कक्षा १२ पास र अविवाहित किशोरीलाई ३ लाख रुपैयाँ दिने भनेर १ सय ३५ स्थानीय तहबाट फाराम भरेर प्रदेश सरकारद्वारा नवजात शिशु जन्मेदेखि नै भ्रष्टाचार भइरहेको पाइएको छ । ३२ हजार छोरीको खाता निल छ । गरिब, विपन्न आमाहरुले फाराम भर्दा पाएको सास्ती सम्झँदा पनि सरकारका मान्छे देख्यो कि आक्रोश उत्पन्न हुन्छ ।**

मधेशदृष्टि
जनकपुरधाम, १३ चैत ।
मधेश सरकारले गौरवको आयोजना भनेर चर्चा बटुलेका ‘बेटी बचाऊ बेटी पढाऊ’ अभियान अन्तर्गत ‘छोरी शिक्षा वीमा’ को नाममा नागरिक ठगिएका छन् ।




नवजात छोरीलाई प्रदेश सरकारले निशुल्क वीमा गरिदिने र २० वर्षपछि ती छोरीको उच्च शिक्षाका लागि तीन लाख रुपैयाँ दिने निर्णय अन्तर्गत छोरी शिक्षा बीमा कार्यक्रम ल्याइयो । तर ती कार्यक्रममा दर्ता भएका छोरीको खातामा अहिलेसम्म रकम जम्मा नै भएको छैन । ‘बेटी बचाऊ बेटी पढाऊ’ अभियान अन्तर्गत ‘छोरी शिक्षा वीमा’ कार्यक्रममा सहभागी हुन विपन्न, गरिब परिवारहरु खुशी भई घन्टौं लाइन बसेर छोरीहरुको नाम दर्ता गराउनेहरु ठगिएका हुन् । छोरी शिक्षा बीमाको नाममा ठगिएको बारे रंजिता साहले भनिन्, ‘गएको साता बैंक पुगेर छोरीको खाता हेर्दा तीन वर्षमा प्रदेश सरकारले बीमाको

- *बाँकी पृष्ठ ६ मा*

# १० किलो चरेशसहित कुर्मी पक्राउ

मधेशदृष्टि, वीरगंज, १३ चैत । इलाका प्रहरी कार्यालय पोखरियाले १० केजी लागुऔषध चरेसहित १ जनालाई पक्राउ गरेको छ । पर्साको कालिकामाई गाउँपालिका वडा नम्बर-१ तिनदुविया निवासी ३८ वर्षीय बृजेश प्रसाद कुर्मीलाई १० किलो अवैध लागुऔषध चरेससहित प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय पोखरियाबाट प्रहरी निरीक्षक मोहन विक्रम केसीको कमान्डमा खटिएको प्रहरीले कुर्मीको घर तलासी गर्दा चरेश फेला परेपछि उनलाई पक्राउ गरिएको पर्साका प्रहरी नायव उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

# माइस्थान मन्दिरमा आँखा जाँच शिविर

मधेशदृष्टि
वीरगंज, १३ चैत ।
नेपाल नेत्रज्योति सघ पर्साको आयोजनामा निशुल्क आँखा जाँच शिविर भएको छ। वीरगंजको माइस्थान मन्दिर परिसरमा नेपाल नेत्रज्योति संघ पर्साका सभापति भगवती चौधरीको अध्यक्षतामा भएको कार्यक्रम संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष श्यामकुमार पोखरेलले आँखा जाँच गराइ शुभारम्भ भएको हो । कार्यक्रममा पत्रकार, मन्दिरका पुजारी, जेष्ठ नागरिक, प्रहरी, सर्वसाधारणसहित ४५ जनाले आँखा परीक्षण गराएका थिए । केडिया आँखा अस्पतालबाट आएका चिकित्सक अन्जली चौधरी र रासदेव साहले आँखा जाँच गरेर आवस्यकताअनुसार औषधि वितरण गरेका थिए । कार्यक्रममा नेत्र ज्योति संघका वरिष्ठ उपाध्यक्ष पोखरेलले वीरगंज महानगरपालिकाको सम्पूर्ण वडाका साथै पर्साको ग्रामीण क्षेत्रमा समेत आँखा परीक्षण शिविर राख्ने पहल भइरहेको बताए ।

# फरार ६ प्रतिवादी पक्राउ

मधेशदृष्टि
वीरगंज, १३ चैत ।
पर्सा प्रहरीले विभिन्न मुद्दामा फरार ६ प्रतिवादीलाई पक्राउ गरेको छ ।
चोरी मुद्दामा फरार वीरगंज महानगपालिका वडा नम्बर ३२ का संजय कुमार महतो, लेनदेन तथा बिगो भरिभराउ मुद्दाकी पोखरिया नगरपालिका वडा नम्बर ३ की पुनम कुमारी राई, विवाहसम्बन्धी कसुर मुद्दाका सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर ६ का मुकेश साह सहित ३ जना फरार प्रतिवादी पक्राउ गरिएको पर्साका प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए ।
नियन्त्रणमा लिएको उनीहरुलाई पर्सा जिल्ला अदालतमा कारवाही भुक्तानका लागि बुझाइएको छ ।
यसैगरी, पर्सा प्रहरीले पकहामैनपुर गाउँपालिकाको वडा नम्बर ३ र ४ मा रहेका अवैध रुपमा घरेलु मदिरा उत्पादन गर्ने भट्टीमा घरेलु मदिरा तथा मदिरा बनाउने कच्चा पदार्थ बरामद गरी नष्ट गरेको छ ।
अबैध रुपमा घरेलु मदिरा उत्पादन तथा बिक्री वितरण भइरहेको सूचना पाएलगतै इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरक्षक मोहन विक्रम केसीको कमाण्डमा खटिएको प्रहरी टोलीले २ सय ५० लिटर तयारी घरेलु मदिरा नष्ट गरेको छ ।

# दुर्घटनामा दुईको मृत्यु

मधेशदृष्टि
जनकपुरधाम, १३ चैत ।
देशका विभिन्न भागमा भएका घटनामा दुई जनाको मृत्यु भएको छ । धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-३ का २९ वर्षीय विष्णु बहादुर फुयाँल सोमबार बिहान ज १ च ३४३७ नम्बरको ट्र्याक्टर लिएर बटेश्वर गाउँपालिका-५ शान्तिपुर जाने क्रममा महेन्द्रनगर स्थित एभरेष्ट पेपर मिल नजिक दुर्घटनामा परेका छन् । तिब्र गतिमा रहेको ट्र्याक्टर अनियन्त्रित भएर दुर्घटना हुँदा उनको घटनास्थलमै मृत्यु भएको भएको धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए । यस्तै, काठमाडौँको नाङ्लेभारेमा मोटरसाइकलको ठक्करबाट एक जनाको मृत्यु भएको छ। शङ्खरापुर नगरपालिका वडा नं १ तल्लो नाङ्लेभारेमा जहरसिंह पौवाबाट मेलम्ची जाँदै गरेको बा ४५ प ५४४१ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ४२ वर्षीय रामबहादुर तामाङको मृत्यु भएको हो । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते तामाङको उपचारका क्रममा त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जमा निधन भएको हो । घाइते मोटरसाइकल चालकको सलम्बुटारस्थित पिपुल्स लाइफ केयर अस्पतालमा सामान्य उपचारपश्चात थप उपचारका लागि शङ्खरापुर अस्पताल पठाइएको छ ।

# राजनीति सेवाभाव केन्द्रित हुनुपर्छः राष्ट्रपति

मधेशदृष्टि
काठमाडौँ, १३ चैत ।
राष्ट्रपति रामचन्द्र पौडेलले राजनीति समाज र नागरिकप्रतिको सेवाभावमा केन्द्रित हुनुपर्ने बताएका छन् ।
काठमाडौँको हनुमानढोका पछाडि याट्खामा पूर्वमन्त्री स्वर्गीय नविन्द्रराज जोशीको प्रतिमा अनावरण कार्यक्रममा उनले नागरि कसँगको निरन्तर सान्निध्यतासँगै उनीहरुका सुखदुःख बुझ्रेर उनीहरुकै लागि सेवा गर्ने उच्चतम अठोट, प्रतिबद्धता र समर्पणबाट राजनीति अभिप्रेरित हुनुपर्नेमा जोड दिए ।
राष्ट्रपति पौडेलले आम नागरि कसँग निकटतम् सम्बन्ध राख्ने र उनीहरुका सुखदुःख बुझ्ने व्यक्तित्वको रुपमा आफूले जोशीलाई चिनेको समेत बताए । उनले योग्यता र इमानदारितामा बराबर सङ्गम रहेका विरलै मानिसमध्ये जोशी पनि रहेको बताए ।
२०७७ साल फागुन १४ गते मस्तिष्कघात भएका जोशीको उपचारक्रममा २०७७ साल चैत १३ गते निधन भएको थियो ।

# सात दिनभित्र सवारी अनुमतिः उपप्रधानमन्त्री



मधेशदृष्टि
काठमाडौँ, १३ चैत ।
उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले नागरिकलाई सात दिनभित्र सवारी चालक अनुमतिपत्र प्रदान गर्ने तयारी गरिएको बताएका छन् । आफूले मन्त्रालय सम्हालेको तीन महिना नाघेका सन्दर्भमा आज आयोजित पत्रकार सम्मेलनमा उनले अबको आठ महिनापछि तीनदेखि सात दिनभित्र सवारी चालक अनुमतिपत्र दिने कार्ययोजना निर्माण गरिरहेको जानकारी दिए ।
हाल सेवाग्राहीले सवारी चालक अनुमतिपत्र लिन झन्डै एक वर्ष कुर्नुपर्छ । मागअनुसार चालक अनुमतिपत्र छाप्न नसक्दा वितरणमा समस्या भएको उनको भनाइ छ । अहिले दैनिक छ हजार चालक अनुमतिपत्रको माग छ । तर दैनिक चार हजार अनुमतिपत्र मात्र छपाइ हुँदै आएको छ । अझै आठ लाख अनुमतिपत्र छाप्न बाँकी रहेको यातायात व्यवस्था विभागले जनाएको छ ।
सवारी अनुमतिपत्र वितरण सहज बनाउन सरकारले अर्को 'मास प्रिन्टर' खरिद गर्ने तयारी गरेको छ । 'अब हामी छिट्टै मास प्रिन्टर खरिद गर्ने तयारीमा छौँ, बोलपत्र आह्वान भइसकेको छ,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'आठ महिनापछि तीनदेखि सात दिनभित्र सवारी अनुमतिपत्र प्राप्त गर्ने वातावरण बनाउन हामी प्रतिबद्ध छौँ, आठ महिनामा लाइसेन्स छपाइको सम्पूर्ण समस्या समाधान हुन्छ।' सम्बन्धित प्रदेशमा चालक अनुमतिपत्रको मागअनुसार प्रिन्टर खरिद गर्न प्रदेश सरकारसँग पनि छलफल गरिरहेको उनको भनाइ छ ।
अहिले बागमती र लुम्बिनी प्रदेशमा चालक अनुमतिपत्रको माग उच्च छ । 'मागअनुसार लाइसेन्स उपलब्ध गराउन नसकी सेवाग्राहीले भोगेको सास्ती, कठिनाइ दृष्टिगत गरी छपाइसँग सम्बन्धित स्मार्ट कार्ड, प्रिन्टर खरिद प्रक्रियाको कार्यायोजना मन्त्रालयले अगाडि बढाएको छ,' मन्त्री श्रेष्ठले भने, ' बाह्र लाख स्मार्ट कार्ड आपूर्तिका लागि अन्तर्राष्ट्रिय बोलपत्रमार्फत छनोट भएको जर्मनीको कम्पनीसँग गत फागुन १० गते सम्झौता भई शीघ्र आपूर्तिको पहल भइरहेको छ ।'
उपप्रधानमन्त्री श्रेष्ठले इम्बोस्ड नम्बर नेपालीमा राख्ने योजना बनाइरहेको बताए । इम्बोस्ड नम्बर 'रिड' गर्न दुई स्थानमा 'गेट' निर्माण गरिने छ ।

# खेतीको ठेक्का लिएर दैनिक दुईसय ट्रिपर माटो उत्खनन्



मधेशदृष्टि
वीरगंज, १३ चैत ।
गुठी संस्थानले आफ्नो मातहतको ५२ बिघा जग्गामा अवैध माटो उत्खनन् र ठेक्काको दुरुपयोग गर्नेलाई कडा कारवाही हुने जनाएको छ । आइतबार वीरगंज महानगरपालिकाले अनुमति नलिई गुठी संस्थानको नाममा रहेको जग्गाको माटो उत्खनन गर्ने स्काभेटरसहित ४ ट्रिपर नियन्त्रणमा लिएको थियो ।
गुठी संस्थान वीरगंजका प्रमुख चुडामणि घिमिरे र वीरगंज महानगरपालिका कार्यालयका पदाधिकारीहरुले अवैध उत्खनन् भइरहेको जग्गा सोमबार स्थलगत निरीक्षणसमेत गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर २८ साविक बगही गाविस वडा न ९ दर्दवास्थित गुठीको सार्वजनिक जग्गामा दुई महिना अघिदेखि अवैध माटो उत्खनन् भइरहेको स्थानीयले बताए । दर्दवास्थित नदी छेउबाट निरन्तर माटो उत्खनन गरी बिक्री भइरहँदा भविष्यमा पुरै गाउँ नै जोखिममा पर्नसक्ने स्थानीय रामाज्ञा राउतले बताए । अर्का स्थानीय रामाधार प्रसाद पटेलले साविक ऐलानी पर्ती र गुठीको करिब ५२ बिघा जग्गामा छठघाट, मसानघाट, गौचरण रहेको र अहिले गुठी संस्थानले जग्गामा बाली लगाउन ठेक्का दिएकामा आफूखुशी माटो कटान गरी प्रति ट्रिपर १ हजार रुपैयाँमा दैनिक २ सय ट्रिपर माटो उत्खनन् भइरहेको स्थानीयको आरोप छ ।
गुठी संस्थान वीरगंजका कार्यालय प्रमुख चुडामणि घिमिरेले खेती गर्न ठेक्कामा दिइएको जग्गाको दुरुपयोग भएको बताए । उनले ५२ बिघा जग्गा गुठीको रहेकोमा अवैध रुपमा माटो कटान गरी गाउँ नै डुवानमा पार्ने नियत देखिएको हुँदा जग्गा ठेक्कामा लिने व्यक्तिलाई कडा कारवाही गरिने बताए ।

# बालेनविरुद्ध सुकुम्बासीको प्रदर्शन

मधेशदृष्टि
वीरगंज, १३ चैत ।
काठमाडौं महानगरपालिकाका मेयर बालेन साहविरुद्ध प्रदर्शन भएको छ । महानगरले नदी किनार, नदी उकास तथा नदी बहाव क्षेत्रमा बनेका अनधिकृत संरचना सात दिनभित्र हटाउन निर्देशन दिएपछि सुकुमबासीले मेयर साहविरुद्ध प्रदर्शन गरका हुन् । संविधान र कानुनविपरीत उठिबास लगाउने कामको नेतृत्व मेयर साहले नै लिएको भन्दै सुकुम्बासीले प्रदर्शन गरेका हुन् ।



उनीहरुले नयाँ बानेश्वरदेखि माइतीघर मण्डलासम्म ¥यालीसहितको विरोध प्रदर्शन गरे । आफूहरुलाई उठिबास लगाउने काममा मेयर साह लागेपछि त्यसको विरोधमा सुरु भएको प्रदर्शनलाई निरन्तरता दिइएको संयुक्त राष्ट्रिय सुकुमबासी मोर्चा, नेपालका अध्यक्ष कुमार कार्कीले बताए । अध्यक्ष कार्कीले संविधान, कानुनविपरीत भूमिहीनहरुलाई जग्गाधनी पुर्जा दिनुको साटो मेयर साहले उठिबास लगाउने प्रयास गरिरहे कडा आन्दोलनमा जाने चेतावनीसमेत दिए । विरोध प्रदर्शनमा पक्राउ परेका भूमि अभियन्तालाई निःशर्त रिहा, उनीहरुमाथि लगाइएको सबै मुद्दा खारेजीको माग मोर्चाको छ ।

# प्रेस मञ्च रौतहट गठन

गरुडा, १३ चैत । प्रेस मञ्च नेपाल रौतहटको अध्यक्षतामा किशोरी यादव चयन भएका छन् ।
रौतहटमा क्रियाशील पत्रकार हरुको भेलाले यादवको अध्यक्षतामा गठित कमिटीमा उपाध्यक्ष रश्मी पटेल, अरबिन्द यादव, ओम प्रकाश यादव, आरएन पटेल, चन्दन कुमार महतो, ससचिव श्रीकान्त यादव, दीपककुमार साह, कोषाध्यक्ष प्रेम यादव छन् । सदस्यहरुमा भुषण सिंह, प्रियंका सिंह, प्रदिप यादव, जितन हलचल, हनुमत यादव छन् । नेपाल पत्रकार महासंघ रौतहटका पूर्वअध्यक्ष तथा प्रेस मंचका केन्द्रीय सदस्य रवीन्द्र प्रसाद साहको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

# गाउँमै कृषि मिटरले उत्साह

मधेशदृष्टि
वीरगंज, १३ चैत ।
सर्लाहीको चन्द्रनगर गाउँपालिकामा कृषि मिटर वितरण सुरु भएको छ । नेपाल विद्युत् प्राधिकरण कार्यालय नगइकन गाउँपालिकामै कृषि मिटर वितरण गर्न थालेपछि किसान खुसी भएका छन् । विद्युत् चुहावट अन्त्य गर्न विद्युत् महसुल गाउँपालिकाले नै तिरिदिने भएपछि मिटर लिनेको सङ्ख्या बढेको छ । विद्युत् मिटरका लागि किसानले मलंगवासम्म धाउँदा समय, पैसा खर्च र हैरानी व्यहोर्नुपर्ने अवस्था थियो । गाउँपालिकाबाटै किसानले सेवा पाएपछि खुशी छाएको छ ।
गाउँपालिकाले नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय मलंगवा वितरण केन्द्रको समन्वयमा किसानलाई कृषि मिटर वितरण सुरु गरेको हो । प्राधिकरणका कर्मचारी गाउँपालिकामै आएर आवश्यक पक्रिया पूरा गरी मिटर वितरण सुरु गरेको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र मलंगवाका प्रमुख उमेश यादवले जानकारी दिए ।
चालू आर्थिक वर्ष २०७९/८० मा कृषि विद्युतीकरण र किसानको बिल भुक्तानीका लागि गाउँपालिकाले एक करोड ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।
पुस २९ गते सम्पन्न १२ औं गाउँसभा बैठकबाट किसानले खेत सिँचाइ गर्दा उठेको महसुल गाउँपालिकाले तिरिदिने निर्णय गरेको थियो । सोहीअनुरुप विद्युत् चुहावट अन्त्य गर्न चन्द्रनगर गाउँपालिकाले नेपालमै पहिलोपटक कृषि मिटर गाउँपालिकाबाटै वितरण शुरु गरेको बताइएको छ ।

# चार एआइजी थपिने

जनकपुरधाम, १३ चैत ।
प्रहरीका चार प्रहरी नायम महानिरीक्षक (डिआइजी)हरु अतरिक्त महानिरीक्षक (एआजी) मा बढुवाका लागि सिफारिस भएका छन् । गृह मन्त्रालयको बढुवा समितिको सचिवालयका अनुसार सन्दीप भण्डारी, सुदिप गिरी, मिरा चौधरी र टेकबहादुर तामाङ बढुवाका लागि सिफारिसमा परेका हुन् । ६८.४६१२ नम्बर सहित सन्दिप बढुवा सिफारिसको पहिलो नम्बरमा छन् ।
दोस्रो नम्बरमा सिफारिसमा परेका सुदिपको ६८.२११२ नम्बर छ। तेस्रो नम्बरमा सिफारिसमा परेकी मिराको ६७.८३०६ र चौथो स्थानमा रहेका टेकबहादुरले ६७.६९७३ नम्बर पाएका छन् ।

# लिम्बूको परिवारलाई तीन लाख

विराटनगर, १३ चैत ।
कोशी प्रदेश सरकारले प्रदेश नामकरणका सम्बन्धमा भएको विरोध प्रदर्शनीमा मृत्यु भएका लाजेहाङ लिम्बू (पद्म लिम्बू) को परिवारलाई राहतस्वरुप तीन लाख रुपैयाँ उपलब्ध गराउने भएको छ । प्रदेश सरकार मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले नेपाल सरकारद्वारा गठित छानविन समितिलाई सहजीकरण गर्ने र मृतकका परिवार लागि राहत दिने निर्णय गरेको मुख्यमन्त्री हिक्मतकुमार कार्कीका प्रेस सल्लाहका महेन्द्र विष्टले जानकारी दिए ।
बैठकले कलबल्गुडी झापाको निर्देशकमाअर्को व्यवस्था नहुञ्जेलसम्मका लागि निर्देशकका रुपमा प्रदेश सचिव कृष्ण सापकोटालाई तोक्ने निर्णय गरेको छ ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ। जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ। छोटो दुरीको लाभदायक यात्रा रहला। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ। आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

# तीन दशकदेखि प्रदूषित सिर्सिया "छठ पर्व" मा उस्तै

मधेशदृष्टि
वीरगंज, १३ चैत।



तीन दशकदेखि प्रदूषणको शिकार बनेको सिर्सिया नदी 'छठ पर्व' को बेला पनि सफाइ भएन। कात्तिक महिनामा हुने छठ पर्वको बेला केही दिनका लागि भए पनि सफा पानी बग्ने सिर्सिया चैतीछठमा सफाइ गर्न कोही तयार भएनन्।
कात्तिक महिनामा हुने छठ पर्वका बेला जनस्तरबाट विरोध भएपछि केही दिन भए पनि नदीमा सफा पानी बग्ने गर्छ। पर्व सकिएपछि पुनः त्यही पुरानै प्रवृत्ति दोहोरिन्छ । बाराको जितपुर सिमरा उपमहानगरपालिका-३ स्थित रामवन झाडीबाट वीरगंज महानगरपालिका हुँदै भारतसम्म पुगेको सिर्सिया नदी विगत तीन दशकदेखि प्रदूषणको शिकार बनेको छ। सिमरास्थित रामवन झाडीमा यसको मुहान छ । परवानीपुरको दक्षिणमा कियासुत नदी यसमा मिसिन्छ । वौद्यी खोला यसमै विलय हुन्छ। तर, वीरगंज नपुग्दै यो नदी औद्योगिक प्रदूषणको चपेटामा पर्छ। बारा, पर्सा क्षेत्रमा उद्योगकारखाना बाक्लिएसँगै सिर्सिया प्रदूषित हुँदै गएको हो।
यो क्षेत्रमा साना, मझौला र ठूला गरी २ हजार ५ सयको हाराहारीमा उद्योगहरु छन्, र प्रायः सबैले उत्सर्जित ठोस वा तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिएका छैनन। कतिपयले खुलेआम त अन्यले नदेखिने गरी भूमिगत नालाबाट सिर्सिया नदीमा फोहोर पानी मिसाउने गरेका छन् । नदीको प्रदूषणले सिमरा, बकुलिया, लोहसन्डा, रमौली, सगरदिना, रामपुर टोकनी, छातापिपरा, नितनपुर, गम्हरगाँव, बेहरा, बलुवा, सिर्सिया, ताजपुर, भलुही, रामगढवा, परवानीपुर र वीरगंज महानगर क्षेत्रका बासिन्दा प्रत्यक्ष प्रभावित छन्।
खासगरी छाला उद्योगहरुबाट छालाका टुक्रा, रौँ का टुक्रा र फोहरयुक्त पानी सिधै नदीमा मिसाउने गरिएको छ । त्यस्तै सिमेन्ट उद्योग, साबुन उद्योगहरुले छाईहरु नदीमै भण्डारण गर्ने गरेका छन् भने जगरनाथपुरस्थित नदी छेउमा टन्नै छाई थुपारिएको छ, त्यसबाट नदीको पानी प्रदूषित भई जलचर मरिसकेका छन् । कुनैबेला जुन पानीबाट छालाको रोग निको हुन्थ्यो, अचेल त्यही पानीबाट क्यान्सर र मुटु रोग हुने गरेको छ।
चैतीछठको तेस्रो दिन अर्थात अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर पुजाआजा गरिन्छ । ब्रतालुले पवित्र जलायसमा कम्मर भन्दा माथिसम्म पानीमा पसेर अर्घ दिने चलन छ। तर यस्तो कालो, केमिकलयुक्त प्रदूषित पानीमा कसरी पुजा गर्ने भनेर स्थानीयले चिन्ता गरे । पानी गन्हाउने समस्या उत्तिकै छ। एउटै विधि, एउटै पुजा, एउटै विश्वास तर नदी सरसफाइमा भेदभाव हुँदा सिर्सिया सफा गरिएन।
वीरगंज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष डा. सुबोध गुप्ता नदी छठपर्वका बेला मात्र नभई सधैंको लागि सफा राखिनु पर्ने बताउँछन्।

# कांग्रेसद्वारा यादवको नाम सिफारिस

मधेशदृष्टि
वीरगंज, १३ चैत।
नेपाली कांग्रेस बाराले आगामी वैशाख १० गते हुने उपनिर्वाचनमा राधेचन्द्र यादवलाई उम्मेदवार बनाउन सिफारिस गरेको छ।
कलैयामा सोमबार सम्पन्न बैठकले बारा क्षेत्र नम्बर २ का लागि यादवको नाम सर्वसम्मत सिफारिस गरेको हो । कांग्रेस क्षेत्रीय कमिटीले यादवलाई उम्मेदवार बनाउने निर्णय गरेपछि जिल्ला समितिले अनुमोदन गरेको क्षेत्रीय सभापति लोकेश सिंहले जानकारी दिए।
केही दिनअघि मात्रै कांग्रेसका सभापति शेरबहादुर देउवाले जसपाका अध्यक्ष उपेन्द्र यादवलाई उपनिर्वाचनमा सघाउने वचन दिएको समाचारसमेत सार्वजनिक भएको थियो। क्षेत्रीय सभापति सिंहले केन्द्रबाट ३ जनाको नाम सिफारिस गर्न परिपत्र भएको हुँदा आफूहरुले सर्वसम्मत रुपमा यादवको नाम सिफारिस गरेको बताए।
नेपाली कांग्रेस बाराका सभापति राजेश राय यादवको अध्यक्षतामा बसेको बैठकमा पार्टीका जिल्ला नेताहरुको सहभागिता थियो । जसपाका रामसहाय प्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि बारा-२ मा वैशाख १० गते उपनिर्वाचनको तयारीमा निर्वाचन आयोग जुटेको छ।

# भाइको हत्या अभियोगमा पक्राउ

सिरहा, १३ चैत।
प्रहरीले भाइको हत्या अभियोगमा सुखीपुर नगरपालिका-८ का ४२ वर्षीय रामचन्द्र गोसाइलाई कञ्चनपुरको महेन्द्रनगरस्थित नेपाल भारत सीमा क्षेत्रबाट पक्राउ गरेको छ।उनले आफ्नै भाइ ३५ वर्षीय श्यामसुन्दरको हत्या गरेका थिए। मंसिर ८ गते सिरहा, गोलबजार नगरपालिका-३ जमनटोकीमा आइसक्रिम फ्याक्ट्रीमा काम गर्ने दाजुभाइबीच विवाद भएपछि रामचन्द्रले भाइलाई कुटपिट गरेका थिए। उपचारक्रममा रामचन्द्रको दुई दिनपछि मृत्यु भएको थियो । घटनापछि फरार रामचन्द्रलाई चैत ९ गते कञ्चनपुरबाट नियनत्रणमा लिएको हो । उनलाई अदालतबाट सातको म्याद थपेर अनुसधन भइरहेको छ।

# बैंकको रकम लुट्ने तीन पक्राउ

सिरहा, १३ चैत।



प्रहरीले बैंकको रकम लुटपाट गरेको आरोपमा तीन जनालाई पक्राउ गरेको छ।
मिर्चैया कल्याणपुर सडकको बताहा पुलबाट ग्लोबल आइएमई बैंकको शाखा कार्यालय कल्याणपुर लैजाँदै गरेको रकम लुटेको आरोपमा प्रहरीले कल्याणपुर नगरपालिका ८ अरङ्गका ४५ वर्षीयय श्यामकुमार यादव, लहान नगरपालिका-१३ सुकरामपुर का ३६ वर्षीय जिवछ बिक र लहान-१९ छपरारीका ४७ वर्षीय सत्यनारायण मण्डललाई पक्रेको हो । उनीहरुले बैंकका कर्मचारीले मिर्चैयाबाट कल्याणपुर शाखामा लगिरहेको नौ लाख रुपैयाँ लुटपाट गरेको आरोप छ। उनीहरुमाथि शरीर बन्धक तथा डाँका मुद्दामा जिल्ला अदालतबाट सात दिन म्याद गरेर अनुसन्धान भइरहेको छ।

# मधेशका मुद्दा सम्बोधन गराउन मधेशी मोर्चा

मधेशदृष्टि
जनकपुरधाम, १३ चैत।




मधेशका विभिन्न मुद्दा सम्बोधन गराउन मधेश केन्द्रित साना दलहरू मिलेर लोकतान्त्रिक मधेशी मोर्चा गठन गरेका छन्।
सोमबार जनकपुरधामस्थित नेपाल पत्रकार महासंघ धनुषाको सभाहलमा पत्रकार सम्मेलन गरी मधेशका जायज मुद्दा सम्बोधन गराउन आपसी सहकार्य गर्दै लोकतान्त्रिक मधेशी मोर्चा गठन गरिएको घोषणा गरिएको हो । मधेशी मोर्चामा तराई-मधेश लोकतान्त्रिक पार्टी, नेपाल सद्भावना पार्टी, ऐतिहासिक जनता पार्टी र राष्ट्रिय सद्भावना पार्टी छन् । मोर्चाले संघीय संसदको दुवै सदनबाट दुईपटक पारित भएका राष्ट्रपतिबाट विभेदीकरणको शिकार भई खारेज गरिएको नागरिकता विधेयक स्वतः प्रमाणिकरण मानेर कानुन निर्माण गर्न माग गरेको छ । पत्रकार सम्मेलनमा मधेशका मुद्दा सम्बन्धमा तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले मधेशी दलहरुले अधिकार स्थापितको नाममा मधेशी जनतालाई ठग्दै सत्ताको भऱ्याङको रुपमा प्रयोग गर्दै आएको आरोप लगाए । उनले मधेश आन्दोलनबाट उदाएका मधेशी दलहरुले संविधानमा अधिकार स्थापित गराउने भन्दै मधेशी जनतालाई उचालेर ती शक्तिको आडमा सत्तामा पुग्न हानाथाप मात्र गर्दै आएको उल्लेख गरे । कार्यक्रममा तमलोपाका वरिष्ठ नेता डा. विजयकुमार सिंहले मधेशी जनताको प्रमुख रहेको नागरिकता समस्या समाधान गर्नुको सट्टा फेरि विधेयकको नाममा अल्झाउन खोजेको आरोप लगाए। नेता सिंहले भने, 'संवैधानिक व्यवस्थाअनुसार पहिलोपटक विधेयक फिर्ता भएपछि दोस्रो पटकमा १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्नै हो, नभए त्यो स्वतः खारेज होइन, प्रमाणीकरण हुन जानेछ। तर राज्य पक्षले मधेशीसँग विभेद गर्दै राज्य पक्षले खारेजको नाम दिएर पुनः विधेयकको नौटंकी गर्न खोजेको छ।' कार्यक्रममा नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले मोर्चाले मधेशी जनताको जायज हकअधिकार संविधानमा सुनिश्चित गर्न सडकदेखि संसदसम्म संघर्ष गर्ने बताए। विभिन्न षड्यन्त्र र कुटिल अभ्यासबाट लोकतन्त्रमाथि भइरहेको प्रहारविरुद्ध केन्द्रित रही लोकतान्त्रिक मधेशी मोर्चाले लोकतान्त्रिक शक्तिहरूबीच एकजुटताको निमित्त पहल गरिने उनले बताए।
कार्यक्रममा राष्ट्रिय सद्भावना पार्टीका अध्यक्ष दिनेश यादव र इतिहासिक जनता पार्टीका अध्यक्ष बद्रीनारायण ठाकुर समेतले मधेश आन्दोलनका स्वयमूघोषित वारेसहरूले सत्ताको स्वाद लिन मधेशका मुद्दालाई बिसाएको आरोप समेत लगाए। मधेश आन्दोलनका मुद्दाहरूमाथि केन्द्रित रहेर सामसामयिक विषयहरूमा संघर्षरत रहने प्रतिबद्धता जनाए। पत्रकार सम्मेलनमा संघीय गणतान्त्रिक संसदीय लोकतन्त्रका लागि लोकतान्त्रिक शक्तिहरुबीच एकजुटताका लागि पहल, समावेशिता, संविधान संशोधन, पूर्ण समानुपातिक निर्वाचन पद्धति, जन्मसिद्ध नागरिकका सन्तानलाई नागरिकता प्राप्तिसहित नागरिकता समस्या समाधानको अवधारणा पत्र सार्वजनिक गरिएको थियो । यस्तै, दलविहीन स्थानीय निर्वाचन, भारत नेपाल सीमा क्षेत्रीय नागरिकको हक संरक्षण, कृषिक्षेत्रको प्रतिफलमूलक सुधार, स्वदेशमा रोजगारी, भ्रष्टाचार अन्त्यसहितका ११ बुंदे अवधारणा मोर्चाले सार्वजनिक गरेको छ । पत्रकार सम्मेलनमा पूर्व शिक्षा राज्यमन्त्री गोविन्द चौधरी थारुको समेत उपस्थिति थियो । चौधरी नेतृत्वको नेपाल लोकतान्त्रिक पार्टी समेतलाई मधेशको मुद्दा सम्बोधनका लागि मोर्चामा आबद्ध गर्ने प्रयास भइरहेको जनाइएको छ।

# प्रधानमन्त्रीविरुद्ध नाराबाजी गर्ने जेल चलान

मधेशदृष्टि
काठमाडौं, १३ चैत।



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डविरुद्ध नाराबाजी गर्ने तीनजना जेल चलान भएका छन्।
आइतबार जिल्ला प्रशासन कार्यालय काठमाडौंले अभद्र व्यवहारको कसुरमा ५ हजार रुपैयाँ धरौटीमा रिहा हुन आदेश दिएपनि उनिहरूले धरौटी नतिरेपछि कारागार पठाइएको प्रहरीले जनाएको छ । कारागार चलान हुनेमा बागलुङ घर भएका सोनु शर्मा, बझाङका विप्लव खड्का र सोलुखुम्बुका उद्धव बस्नेत छन् । गत मंगलबार ५८औं अन्तर ाष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसका अवसरमा आयोजित कार्यक्रममा सम्बोधन गर्न जाँदै गर्दा उनिहरूले बैंकको चर्को ब्याज बारे आवाज उठाउँदै प्रधानमन्त्रीविरुद्ध नाराबाजी गरेका थिए । नाराबाजीपछि पक्राउ परेका उनीहरूलाई अभद्र व्यवहार मुद्दा चलाइएको थियो । उनीहरू 'स्वतन्त्र युवा अभियन्ता समूह' का सदस्य रहेको जनाइएको छ।

# लोसपाबाट सरकारमा भण्डारी मन्त्री बन्ने



मधेशदृष्टि
जनकपुरधा, १३ चैत।
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले संघीय सरकारमा बरिष्ठ नेता शरतसिंह भण्डारीलाई मन्त्री बनाउने भएको छ। सरकारमा जाने निर्णय गरेको लोसपाले भण्डारीलाई मन्त्री बनाउने निर्णय गरेको बुझिएको छ। गठबन्धनमा लोसपाले एउटा मन्त्रालय पाउने सहमति छ।
लोसपासँग चार सांसद छन् । लोसपाले मधेश प्रदेश सरकार र संसदीय समितिमा पनि प्याकेजमै भागबण्डा खोज्ने तयारी गरेको छ।
संघमा ऊर्जा मन्त्रालय दाबी गरेको लोसपाले ऊर्जा नपाए अर्को कुनै विकासे मन्त्रालयमा दाबी गर्ने भएको छ । जुनै मन्त्रालय पाए पनि वरिष्ठ नेता भण्डारीलाई मन्त्री बनाउने तयारी भएको एक नेताले जानकारी दिए।
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबारसम्म मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरेको उनका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले बताए।

# राजविराजबाट सवारी चालक अनुमति पत्र

सप्तरी, १३ चैत।
यातायात व्यवस्था सेवा कार्यालय राजविराजले सवारी चालक अनुमति पत्र दिने काम सुरु गर्न लागेको छ। नयाँ सवारी चालक अनुमति पत्र लिने सेवाग्राहीका लागि अनलाइन फारम भर्न यातायात कार्यालयले सूचना जारी गरेको हो।
यसअघि सप्तरीका सेवाग्राही लहान, इटहरी गएर सवारी चालक अनुमतिपत्र लिँदै आएका थिए । अब राजविराजबाटै लाइसेन्स लिन अनलाइन फारम भर्न सकिने कार्यालयले जनाएको छ। राजविराज नगरपालिका वडा नम्बर ९ स्थित मलेठमा बनाइएको ट्रायल सेन्टर सञ्चालनको जिम्मेवारी छिन्नमस्ता ड्राइभिङ सेन्टरले पाएको छ।
यातायात विभागको अनलाइन सर्भरमा कार्यालय पनि जडान भइसकेकाले सेवाग्राहीले अनलाइन फर्म भर्न सक्ने कार्यालय प्रमुख राजन झाले जानकारी दिए । मोटरसाइकल, स्कुटर, कार, जीप, टयाक्टर र अटो रिक्साको लाइसेन्स उपलब्ध हुने उनले बताए। झाका अनुसार तत्काल १५० मोटरसाइकल, ४० स्कुटर, ३० कारजीप, १० अटो रिक्सा र १० ट्र्याक्टरका चालकलाई लाइसेन्स दिइनेछ।



# प्रादेशिक क्रिकेट प्रतियोगिताका लागि खेलाडी छनौट



मधेशदृष्टि
जनकपुरधाम, १३ चैत।
प्रादेशिक यु-१६ क्रिकेट प्रतियोगिताका लागि जिल्ला क्रिकेट संघ महोत्तरीले खेलाडी छनोट गरेको छ।
प्रदेशस्तरको प्रतियोगिताका लागि जिल्ला क्रिकेट संघ महोत्तरीले खेलाडी छनोट गरी १४ जनाको स्क्वाड सार्वजनिक गरेको हो। अभिषेक तिवारीको कप्तानीमा १४ सदस्यीय टोली छनोट गरिएको महोत्तरी क्रिकेट संघका सचिव दिपेन्द्र कुमार यादवले जानकारी दिए।
टिममा कप्तान अभिषेक तिवारीसहित सोनम महतो, आदित्य मण्डल (विकेट किपर), कैफ शेख, सरफराज अन्सारी, मनिस कापर, पल्टु सादा, मोबारक नदाफ, कृष्ण महतो, ललितकुमार साह, नितेश कुमार यादव, रमण मण्डल, राजीव सादा र सत्यम गुप्ता छन्।
त्यस्तै, रिजर्भमा अमृत मण्डल, नितिश महतो, मोबारक आलम र सम्साद अन्सारीलाई राखिएको सचिव यादवले जानकारी दिए । प्रतियोगिताको कोचमा राहुल प्रताप सिंह र म्यानेजरमा मुरारी ठाकुरलाई जिम्मेवारी दिइएको छ।

## सम्पादकीय

# चैती छठको रौनक

मधेश प्रदेशका जिल्लाहरु चैतीछठको रौनकमा छ । चार दिनसम्म निष्ठापूर्वक मनाइने चैतीछठमा मधेशका विभिन्न पोखरी, तलाउ, नदी किनारामा भक्तजन, व्रतालु र धर्मावलम्वमीहरुको भिड आफैँमा एउटा आस्था हो, श्रद्धा हो, भक्तिभाव हो ।

छठको तेस्रो दिन भक्तजनले सोमबार अस्ताउँदो सूर्यलाई सन्ध्या अर्घ दिए । वीरगंजको घडिअर्वा पोखरी, जनकपुरको गंगासागरमा उर्लिने जनसागरले छठको महिमा अरु प्रचारित हुन्छ। उसो त तराई मधेशमा विभिन्न पोखरी, तलाउ, नदी किनारा व्रतालुको भिडले ढाकिएकै छ । अस्ताउँदो सूर्यलाई अर्घ दिने आस्थावानहरुले छठको महिमालाई जीवित राखेकै छन् । व्रतालुले यो पर्वलाई उत्तिकै महिमाका साथ मधेशका सबै भूगोलमा मनाएका छन् । मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि चैतीछठ विधिवतरुपमा समापन हुँदैछ । व्रतालु यसकै प्रतीक्षामा छन् ।

खासगरी छठपर्वको विशेष महिमा भने कात्तिकमा मनाइने छठको हुने गर्दछ । यतिखेर व्रतालुहरुले सबैभन्दा ठूलो पर्व मानेर सबै काम छाडेर छठीमाइकै भक्तिमा आफूलाई अर्पण गर्दछन् । यो भक्तिभाव विस्तारै चैतीछठमा देखिन थालेको छ । चैतीछठ मनाउनेको संख्या उल्लेख्य वृद्धि भएको पाइएको छ ।

यसले सांस्कृतिक पर्वहरुमा नयाँ पुस्ताको आकर्षणलाई पनि जोडेको छ । चार दिनसम्म अत्यन्त नियम र निष्ठाका साथ मनाइने छठ अन्तर्गत चैतीछठमा पनि पहिलो दिन 'नहाय-खाय', दोस्रो दिन दिनभर उपवास बसेर राति सखरमा पकाइएको खिरमात्र खाएर 'खरना', तेस्रो दिनअर्थात् षष्ठि तिथिमा निराहार उपवास बसेर साँझ अस्ताउँदो सूर्यलाई जलासयमा स्नान गरी उभेर अर्घ दिइन्छ । सूर्य अस्ताउनु भन्दा एक घण्टा पहिलेदेखि नै व्रतालु जलाशयमा प्रवेश गरी षष्ठीमाताको ध्यान गर्दै दिनानाथलाई अर्घ दिन्छन् । अर्घमा ठकुवा, भुसुवा, मुला, उखु, भेन्टा, केरा, नरिवललगायतका सामग्री प्रसादका रुपमा चढाउने प्रचलन छ । पर्वहरु आफैँमा हाम्रा सम्पदा हुन्, संस्कृति हुन्, सभ्यता हुन् ।

व्रतालुहरू जागरण बसेर मंगलबार चैत शुक्ल सप्तमी तिथिका दिन उदाउँदो सूर्यलाई अर्घ दिएपछि यसवर्षको चैतीछठ समापन हुनेछ । चैतीछठ गर्दा हरेक मनोकांक्षा पूरा हुने तथा छालाजन्य रोग नलाग्ने जनश्रुति छ । पौराणिक मान्यतामा छठीमैयालाई सूर्य भगवानको बहिनी मानिन्छ । यो पर्वको धार्मिक मान्यता छठीमैया अत्यन्त खुशी भई परिवारमा सुख, शान्ति तथा आनन्द प्राप्ति हुन्छ भन्ने नै हो । छठव्रतमा महिला पूरै दिनचाहिँ निर्जल बसेर व्रत राख्ने चलन छ ।

विगतमा खासगरी तराईबासी तथा मधेशी समुदायले आफ्नो प्रमुख पर्व मानेको छठ पछिल्लो समय पहाडी समुदायमा झाँगिँदै गएको छ । यो पर्व परिवारका सदस्यको हितका खातिर तराई र पहाडका समुदायलाई जोड्ने सांस्कृतिक पर्वका रुपमा पनि विकसित हुँदै गइरहेको छ । एकताकै पर्व अर्थात् छठ पर्व बनिरहेको छ । उसो त नेपालबाहेक भारतको बिहार, झारखण्ड, उत्तर प्रदेश तथा अन्य प्रान्तमा यो पर्व धुमधामका साथ मनाइन्छ । चैतीछठ जनकपुरका गंगासागर र वीरगंजको घडिअर्वामा निकै मनमोहक देखिन्छ ।

आफ्नै बारीमा पाइने ताजा फलफूल, परिकार छठीलाई अर्पण गर्दा सूर्यदेवलाई पनि अर्घ दिएर चढाइन्छ । सबभन्दा ठूलो विशेषता त यस पर्वको यो हो कि, सहिष्णुता जगाउने मियो बनिरहेको छ । विविध सम्प्रदायलाई पनि यसले जोडिरहेको छ । सद्भाव बढाइरहेको छ । धार्मिक सद्भाव, आस्था, पारिवारिक मिलन, सफलताका कामनासँगै एक प्रदेशबाट अर्को प्रदेशका जनसंख्यासम्म सर्दै गएको छठले आपसी वैरभाव अन्त्य गर्दै भाइचार विकासमा पनि कोसेढुंगोको काम गरेको छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# जापानः समय, मेहनत र कामको सम्मान

- कमलकुमार बस्नेत

हरेक वर्षको अप्रिल र मे महिनामा काठमाडौं 'ज्याकरान्डा'का बैजनी फूलले रङ्गिए झैँ जापानी सहरहरु साँकुराले ढकमक्क हुने समय हो । ढकमक्क साँकुरा फुलेको मात्र सुनेकाले फुलेको हेर्ने औधी रहर थियो ।

तर एउटा नरमाइलो के भइदियो भने टोकियोका सडक र पार्कमा साँकुराका बोटमा कोपिला पलाउने र हाम्रो जापान बसाइ बिट मार्ने समय एउटै भइदियो । त्यसैले 'बकेट लिस्ट' यो सपना मौका मिले फेरि पूरा गर्ने रहर पूरा गर्ने भन्दै थाँती राख्यौँ । यद्यपि, जापानमा रहँदा बाँकी धेरै रहर भने पूरा भए । त्यसैले करिब १० दिनको बसाइ निमेषभरमै सकिए झैँ लाग्यो ।

हाम्रा लागि जापान घुम्न पाउनु अवसर थियो र यो अवसर जापान सरकारको परराष्ट्र मन्त्रालयको जापान इन्टरनेसनल कोअपरेसन सेन्टरले जुराइदिएको थियो । 'जापान फ्रेन्डसिप टाइज प्रोग्राम'अन्तर्गत फेब्रुअरी २२ देखि २८ सम्म सञ्चालित जेनेसिस 'जापान-इस्ट एसिया नेटवर्क अफ एक्सचेञ्ज फर स्टुडेन्ट एन्ड युथ' कार्यक्रममा भाग लिन नेपालसहित पाकिस्तान, भूटान, बङ्गलादेश, श्रीलङ्का र माल्दिभ्सबाट ३० विद्यार्थी र ३० जना 'वर्किङ युथ' गरी ६० जना सहभागी थियौँ ।

कार्यक्रमको उद्देश्य थियो-जापानको संस्कृति, परम्परा, रहनसहन र विकासलाई निजकबाट नियाल्नु । यसपटकको यो कार्यक्रमलाई 'ऊर्जा' क्षेत्रमा केन्द्रित गरिएको थियो । यद्यपि, जापानले गरेको विकास, इतिहास, परम्परा, संस्कृति तथा साक्षात्कारलाई पनि कार्यक्रममा केन्द्रित गरिएको थियो । यस अर्थमा हामीले जापान बसाइमा ऊर्जा क्षेत्रका साथै विभिन्न पक्षबारे जानकारी र अनुभव बटुल्दै थियौँ ।

नेपालबाट प्रतिनिधित्व गर्ने १० जना नारिता विमानस्थलबाट प्रक्रिया पूरा गरी बाहिर निस्किँदै गर्दा पाकिस्तानबाट आएका साथीहरु र 'जाइस'का दुई जना कर्मचारीले हामीलाई पर्खिरहनुभएको थियो । कराँचीबाट दुबई हुँदै नारिता पुगेका पाकिस्तानका साथीहरुले भने हामीभन्दा आधा घण्टाअघि नै विमानस्थलको प्रक्रिया पूरा गरिसकेका थिए । उसो त श्रीलङ्कन साथीहरु सोही दिन बिहान होटल पुगिवरी टोकियो टावर घुम्न भ्याइसकेका थिए । हामीभन्दा पछि बङ्गलादेश र माल्दिभ्सबाट साथी आइपुगे भने भोलिपल्ट बिहान मात्रै भुटानका साथीहरु टोकियो अवतरण गरे । छ देशका ६० जना सबैका लागि यो पहिलो जापान भ्रमण थियो । भोलिपल्ट ब्रेकफास्टपछिको करिब एक घण्टा अन्य देशका केही साथीहरुसँग परिचय गर्दै सहर नियाल्ने मौका मिल्यो । सँगसँगै बिहानीको मधुरो घामसँगै सिरसिर चलेको चिसो हावाको कुनै प्रवाह नगरी साइकल कुदाउने र जेब्राक्रसिङमा छिटोछिटो हिँड्दै गन्तव्य छोट्याउँदै गरेका जापानीहरुलाई हेर्दै हामीले पहिलो बिहानीमा करिब आधा घण्टा पैदलै हिँडेर सहर नियाल्यौँ । चिटिक्क सफा र कोलाहलमुक्त सहरमा एकनाश ठडिएका गगनचुम्बी भवन, सफा र शान्त सहरलाई पृष्ठभूमिमा राखेर सम्झना स्वरुप केही थान तस्बिर पनि लियौँ ।

प्यासिफिक समुन्द्र किनारको 'कावासाकी इको म्युजियम' पुग्दा नौलो लाग्यो । जहाँ विद्यार्थीका विभिन्न सिर्जनामार्फत पर्यावरण र ऊर्जाबारे केही जानकारी लियौँ । साथै छेवैमा रहेको सोलार प्लान्ट अवलोकन गर्ने अवसर पनि मिल्यो । जहाँ ३८ हजार सोलार प्यानल जडान गरी ८७ लाख ४० हजार किलोवाट आवर ऊर्जा उत्पादन भइरहेको थियो । यसरी उत्पादन भइरहेको ऊर्जा जापानका दुई हजार आठ सय घरधुरीमा खपत हुने गरेको रहेछ ।

जापान बसाइका क्रममा हामीले विश्वविद्यालयका विभिन्न प्राध्यापकबाट जापानले भोगिसकेको ऊर्जाको समस्या र समाधानका लागि चालिएका विभिन्न प्रयासबारे जान्ने मौका पायौँ । सन २०११ को भूकम्पका कारण फुकुशिमा न्यूक्लियर प्लान्ट बन्द भएपछि जापानले ऊर्जा स्रोतमा नयाँ विकल्पमा योजना बनाइरहेको रहेछ ।

'लो कार्बन बिल्डिङ'लाई प्रोत्साहन दिनुका साथै सन २०५० सम्ममा ग्रीनहाउस ग्यास उत्सर्जन ८० प्रतिशतले घटाउने उद्देश्यले लिएको 'नेट जिरो २०५०' सम्बन्धी जान्ने मौका पायौँ ।

जापान बसाइका क्रममा बकेट लिस्टमा बुलेट रेल नहुने कुरै भएन । टोकियोदेखि नागोयासम्म पुग्दा र फर्कंदा 'सिङ्काशेन बुलेट रेल'मा यात्रा गर्ने अवसर जुर्‍यो । दुई सय ६५ किलोमिटरको दूरी डेढ घण्टाभन्दा कम समयमै तय गर्दै जापानको ग्रामीण क्षेत्रमा काठबाट निर्मित ससाना घरले भरिएका सुन्दर गाउँ र 'माउन्ट फूजी'को अवलोकन गर्ने अवसर पनि पायौँ ।

यातायातका साधनका रुपमा साइकलको प्रयोग अत्यधिक हुने रहेछ । टोकियोमा मात्रै प्रत्येक वर्ष १० लाखभन्दा बढी साइकल बिक्री हुने रहेछ । यसले वातावरण जोगाउन र ऊर्जा खपत कम गर्न खेलेको भूमिकाबारे पनि हामीलाई जानकारी गराइयो । अधिकांश व्यक्ति सकेसम्म साइकल नै चलाउने रहेछन् । स्वस्थ खाना, शारीरिक व्यायाम, उच्च गुणस्तरयुक्त जीवनशैलीकै कारण जापानीजहरुको औसत उमेर संसारमै सबैभन्दा राम्रो भएको रहेछ भन्ने बुझ्न गाह्रो भएन ।

हाम्रो बसाइभर हामीलाई निरन्तर साथ दिनुभएकी एक पथप्रदर्शक (गाइड) का अनुसार जापानका मुख्य सहरमा निजी सवारीसाधन निकै कमले चढ्ने रहेछन् । धेरैका लागि सार्वजनिक यातायात भरपर्दो माध्यम रहेछ । जापानमा औसतमा ६० प्रतिशतले निजी सवार ीसाधन चढ्दै गर्दा टोकियोको हकमा भने जम्मा ३७ प्रतिशत रहेछ । हामीलाई के लागेको थियो भने टोयोटा, होन्डा, निशान, माज्दालगायतका गाडी उत्पादक देशमा पनि सबैसँग कार हुनैपर्ने हो ।

तर बस, ट्र्याक्सी र मेट्रो रेल जस्ता सार्वजनिक सवारी साधनको उच्च गुणस्तरयुक्त सुविधाका कारण निजी सवारीसाधन प्रयोग गर्ने टोकियो जस्ता सहरमा कम हुँदै गएको रहेछ । यद्यपि सहरमा जस्तै सार्वजनिक यातायातको सुविधा नभएका ग्रामीण क्षेत्रमा भने निजी कार हुनु अत्यावश्यक मानिँदो रहेछ ।

भ्रमण अवधिमा टोकियो र नागोयामा रोयल प्यासेस हेर्ने मौका पायौँ । नागोयामा इलेक्ट्रिकल म्युजियमदेखि सोउ सपिङ स्ट्रिटको टर्किस कबाबको स्वाद जिब्रोमा अझै पनि बाँकी छ । दिनभरको कार्यक्रम सकिएपछि साँझ ७ बजेपछि मात्रै 'फ्रि टाइम' मिल्थ्यो । तर नागोयामा रहँदा फ्रि टाइमलाई पूर्णरुपमा उपयोग गर्न पाएनौँ । किनभने यति ठूलो सहर पनि राति ७ नबज्दै सुत्दो रहेछ ।

हामीलाई यति ठूलो सहर किन यति छिट्टै बन्द भएको होला भन्ने लागेको थिएन । सडकमा निकै कम मान्छे हिँड्ने रहेछन् । 'सबवे' र 'मेट्रो स्टेसन' वरपर भने मान्छेको अचाक्ली देखिने भिड राति १० बजेपछि भने पातलिँदै जाने रहेछ । दैनिक औसत २४ लाख मानिसले हिँड्ने सिबुया क्रसिङमा पनि राति १० बजेपछि कम हुँदै गएको देख्ने मौका मिल्यो । सपिङमल पनि ८ बजेदेखि १० बजेसम्म लगभग बन्द भइसक्ने रहेछन् ।

नागोया छँदा 'जेडीएस' छात्रवृत्ति (प्रोजेक्ट फर ह्युमन रिसोर्स डेभलपमेन्ट स्कलरसिप) अन्तर्गतका विद्यार्थीसँग साक्षात्कार गर्ने अवसर मिल्यो । जापान सरकारले स्नातकोत्तर तहमा यसप्रकारको छात्रवृत्ति उपलब्ध गराउने रहेछ । सार्क राष्ट्रका हामीलाई सहज होस् भनेर होला धेरैजसो नेपाली र इन्डियन खाना पाइने होटल नै उपलब्ध गराइएको थियो । केही छाक जापानिज खाना खाए पनि पेट भने बिरयानी, रोटी, नान र दालले नै भरियो । रमाइलो कुरा त के भने टोकियो र नागोयाका जति पनि रेष्टुराँ र मार्ट पुग्यौँ नेपाली नभेटिने कुनै ठाउँ रहेनछ ।

जापान पुगेपछि टोकियोको पुगेपछि चार सय ५० मिटर अग्लो 'स्काइ ट्री' नघुमी फर्कंने कुरै भएन । अझ होटलको कोठाबाट चिटिक्क परेको फ्रेम झैँ आँखै अगाडि देखिएपछि त्यहाँ जाने रहर झनै थपिएको थियो । यो रहर पनि जापान पुगेको पर्सीपल्ट पूरा भयो । दिनभरको कार्यक्रम डिनरसँगै पूरा हुन्थ्यो र निवासका लागि होटलतिर लाग्थ्यौँ । एक दिन त रात छिप्पिँदै गर्दा जापानमै बस्ने चन्द्र दाईसँग ट्याक्सी चढेर स्काइ ट्री पुग्यौँ । दुई हजार तीन सय येनको टिकट काटेर तीन सय ५० मिटर माथि पुगेर झिलिमिली टोकियो हेर्ने रहर पनि पूरा भयो ।

पाकिस्तानका साथीहरु भने सोही दिन चार किलोमिटरको पैदल यात्रामा स्काइ ट्रीलाई नजिकबाट हेर्ने रहर पूरा गरेछन् । जापानमा नोटको साटो सिक्काको प्रचलन धेरै हुने रहेछ । एक हजारभन्दा कमको नोट नहुने भएकाले सिक्का प्रचलन गर्नुको विकल्प नै रहेनछ । तर अहिले भने विद्युतीय भुक्तानीको प्रयोग अत्यधिक भएको रहेछ ।

जापान पुगेपछि जानैपर्ने सूचीमा 'हाचीको पार्क' पनि थियो । सन् २००९ मा रिचार्ड गेरको चलचित्र 'हाचीको, अ डग डेल' हेरेपछि त्यो बेलादेखिको घुम्ने रहर करिब एक दशकपछि पूरा हुँदै थियो । त्यसैले जापान बसाइको अघिल्लो रात मेट्रो चढेर हाचीकोको स्ट्याचु हेर्न पुगे । केही सपिङ कम्प्लेक्स घुमियो भने पार्कमा बसेर धेरैबेर गफ गर्ने रहर पनि पूरा गरियो ।

एक साता लामो बसाइमा जापानीहरुको अनुशासन देखेर भने सबै दङ्ग परियो । विनम्रसँग बोल्ने, कत्ति पनि हल्ला नगर्ने र अरुलाई असाध्यै सम्मान गर्ने उनीहरुको चर्चा अन्तिम दिन प्रस्तुतिका क्रममा सबैले मुक्तकण्ठले प्रशंसा गरे । कार्यक्रम सकिँदै गर्दा छवटै देशका राजदूतावासबाट आउनुभएका प्रतिनिधिसँग हाम्रा अनुभव साट्दै टुङ्ग्यायौँ । उहाँहरुसँग साक्षात्कार पनि भयो । करिब १० दिनको बसाइ हाम्रा लागि अविस्मरणीय रह्यो ।

सार्क राष्ट्रका साथीसँग नयाँ सम्बन्ध स्थापना गर्नेदेखि जापानले गरेको विकास, यहाँको संस्कृति र परम्परालाई नजिकबाट बुझ्ने अवसर मिल्यो । यस सङ्क्षिप्त मधुरस्मृतिमा जापान बसाइको अनुभव उतारे पनि यसक्रममा हामीले सङ्कलन गरेको अनुभव भने दीर्घकालसम्म रहनेछ । यो छोटै समयको बसाइबाट मैले भने जापानबाट समय, मेहनत र कामप्रतिको सम्मानको गहिरो अनुभव लिएर फर्किएँ ।

(रासस)

# तीन महिनामा भौतिक पूर्वाधार मन्त्रालयको बत्तीस काम

उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले विकास र समृद्धिको यात्रालाई तीव्रता दिएर गुणात्मक फड्को मार्नुपर्ने बताउनुभएको छ ।

मन्त्रालय सम्हालेपछिको तीन महिनामा सम्पन्न भएका कामका बारेमा जानकारी दिन सोमवार आयोजित पत्रकार सम्मेलनमा उहाँले समृद्धिलाई मुख्य गन्तव्य मानेर आफूहरु खटिइरहेको बताउनुभयो ।

आफूले मन्त्रालय सम्हालेपछि यस क्षेत्रको सुधारका लागि विभिन्न तीनवटा कार्यदल गठन गरेको र सो कार्यदलले आफ्नो काम गरिरहेको उहाँले बताउनुभयो । मन्त्री श्रेष्ठले पूर्वाधार विकास प्रणाली सुधार, सुशासन सुधार र यातायात सुधार कार्यदल गठन गर्नुभएको थियो । उहाँले मन्त्रालयसँग सम्बन्धित सेवा प्रवाहका कामलाई तीव्रता दिइएको बताउनुभयो । मन्त्री श्रेष्ठले तीन महिनामा गर्नुभएको कामको विवरण यस प्रकार छ ः

उपप्रधानमन्त्रीको पदभार ग्रहण गरेपश्चात् तीन महिनाभित्र मन्त्रालयअन्तर्गतका निकायबाट सम्पादन भएका मुख्य कार्य ः

नीतिगत/सुशासन/कानुनी सुधारतर्फ

१) मन्त्रालयका समग्र कामलाई गुणात्मक परिवर्तनका साथ अगाडि बढाउन र नीतिगत एवम् प्रक्रियागत सुधारका हेतु तत्कालीन, मध्यमकालीन र दीर्घकालीन कार्ययोजना तयार गर्न विषय विज्ञ सम्मिलित तीनवटा छुट्टाछुट्टै आन्तरिक सुधार सुझाव कार्यदल गठन गरिएको छ । डा राजेन्द्रप्रसाद अधिकारीको संयोजकत्वमा सुशासन सुधार सुझाव कार्यदल, डा सूर्यराज आचार्यको संयोजकत्वमा पूर्वाधार विकास प्रणाली सुधार कार्यदल र पूर्वसचिव शरद्चन्द्र पौडेलको संयोजकत्वमा यातायात व्यवस्था सुधार सुझाव कार्यदल गठन भई तीनवटै कार्यदलले तीव्रताका साथ तोकिएको कार्ययोजनाबमोजिम तथ्याङ्क सङ्कलन एवम् सरोकारवालासँग छलफल अगाडि बढाइरहेको अवस्था छ । सोमध्ये सुशासन कार्यदलले चैत्र मसान्तभित्र र अन्य दुई कार्यदलले आगामी दुई महिनाभित्र सुझावको मस्यौदा बुझाउने गरी कार्य भइरहेको छ । उक्त प्रतिवेदनका आधारमा नीति, ऐन, नियम, कानुनलाई सुधार या संशोधन गरी समग्र कामलाई गुणात्मक तवरबाट गति दिन र मन्त्रालयको कार्यशैलीमा समेत सुधार गर्न सफलता मिल्ने विश्वास गरिएको छ ।

२) उपत्यकाभित्रका सडकलाई दुरुस्त एवम् सेवा सञ्चालन योग्य र खाल्डाखुल्डीरहित बनाउनका लागि मेरो संयोजकत्वमा सम्बन्धित निकाय (नेपाल विद्युत् प्राधिकरण, मेलम्ची खानेपानी आयोजना, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, नेपाल टेलिकम, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति, काठमाडौँ उपत्यका विकास प्राधिकरण, काठमाडौँ महानगरपालिका, ललितपुर महानगरपालिका र सडक विभाग) को प्रमुखबीच सुरुमा १५-१५ दिनमा र हाल प्रत्येक महिना उच्चस्तरीय समन्वय समितिको बैठक बसी समस्या पहिचान एवम् सोको समाधानार्थ कार्ययोजना तयार गर्ने, प्रगति अनुगमन गर्ने कार्य निरन्तर भइरहेको छ । साथै कार्यान्वयन तहमा सङ्घीय सुपरिवेक्षण तथा अनुगमन कार्यालयको सुपरिटेन्डेन्ट इन्जिनियरको संयोजकत्वमा माथि उल्लिखित निकायको प्रतिनिधित्व हुने गरी संयन्त्र निर्माण भएको र उक्त संयन्त्रले नियमित रुपमा सडकको स्थलगत अनुगमन गरी समस्या पहिचान एवम् सोको समाधानार्थ तत्काल सम्बोधन गर्ने कार्यले निरन्तरता पाइरहेको छ ।

३) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र यसअन्तर्गतका निकायमा विद्युतीय शासनलाई प्राथमिकता दिँदै समय पालना, ई-हाजिरी र कार्यालय अटोमेसन लागू गरिएको छ ।

४) जनशक्ति व्यवस्थापनतर्फ पद अनुसारका कर्मचारीलाई जिम्मेवारी दिई कामकाज गर्ने व्यवस्था गरिएको छ । कर्मचारीको सरुवा प्रक्रियालाई न्यायसङ्गत, पारदर्शी र स्वच्छ बनाइएको छ ।

५) यस क्षेत्रको नीतिगत सुधारका लागि सार्वजनिक सडक ऐन, २०७९, नेपाल पानीजहाज सञ्चालन ऐन, २०७९, राष्ट्रिय सडक सुरक्षा विधेयक, २०७९, सवारी तथा यातायात व्यवस्था ऐन, २०७९, डिप्लोमा इन्जिनियरिङ परिषद् ऐन, २०७९ र नेपाल इन्जिनियरिङ प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठानसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार भई राय/सहमतिका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छ । साथै रेल्वे बोर्ड नेपालबाट बोर्डको विनियमावली, नेपाल इन्जिनियरिङ परिषद् (तेस्रो संशोधन) नियमावली, सहरी क्षेत्र यातायात व्यवस्थापन प्राधिकरण नियमावलीको मस्यौदा तयार भई राय/सहमतिका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छ । राष्ट्रिय यातायात नीति, २०७९ को मस्यौदा तयार भई राय/सहमतिका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छ ।

६) संविधानको मर्म एवम् राष्ट्रिय आवश्यकताको सम्बोधन गरी आयोजनाको प्राथमिकताको प्राथमिकीकरण र जिम्मेवारी बहन गर्ने चुनौतीपूर्ण कार्यलाई मनन गरी उपयुक्त कार्य सम्पादन गर्न पहल गरिएको छ ।

७) मन्त्रालयको राजनीतिक नेतृत्वदेखि प्रशासनिक नेतृत्व, विभाग एवम् मातहतका कार्यालयहरुबाट आफ्नो तहबाट गरिनुपर्ने कानुनबाट निर्धारित निर्णय स्वतन्त्रतापूर्वक गरी प्रभावकारी कार्य सम्पादन गर्ने वातावरण निर्माण गरिनाका साथै सामूहिक निर्णय प्रक्रियाबाट विभिन्न समस्या समाधान गर्ने कार्य प्रारम्भ गरिएको छ ।

८) सेवा प्रवाहको सुधारका लागि प्रारम्भ गरिएका सुधारका प्रयासबाट सकारात्मक परिणाम आउन सुरु भएको छ तर अझै सन्तुष्ट हुने अवस्था छैन, यसका लागि सुधार प्रयासको निरन्तरता आवश्यक रहेको छ ।

९) मन्त्रलायले सम्पादन गर्नुपर्ने कार्य एवम् सेवा प्रवाहलाई पारदर्शी, सहज, सरल र प्रभावकारी बनाउने काममा प्रारम्भ गरिएका तत्कालीन र दीर्घकालीन सुधारका प्रयासमा मन्त्रालयको नेतृत्व सबै कर्मचारीका साथै सम्बद्ध निकाय एवम् आम सञ्चारमाध्यमबाट समेत पर्याप्त सहयोग प्राप्त हुने र सुधारका प्रयासले निरन्तरता पाउने कुरामा म विश्वस्त छु ।

सडक यातायाततर्फ

१०) उपत्यकाभित्रका सडकलगायत राष्ट्रिय राजमार्गको नियमित, पटके, आवधिक तथा विशेष मर्मत कार्यलाई यस अवधिमा प्राथमिकताका साथ तीव्रता दिइएको छ । माथि उल्लिखित संयन्त्रको प्रभावकारी पहल समेतबाट उपत्यकाभित्रका सडक र राष्ट्रिय राजमार्गलाई खाल्डाखुल्डीरहित बनाउने कार्यलाई निरन्तरता दिइएको छ र यसमा उल्लेखनीय प्रगति भएको छ । यस अवधिमा मात्र सडक विभागअन्तर्गत रहेका सडकमा एक लाख ३६ हजार सात सय ५५ वर्ग मिटर पटके मर्मत (पटहोल मर्मत) कार्य भई चालु आवमा कूल दुई लाख ४८ छ सय ४५ वर्गमिटर सडकमा पटके मर्मत भएको छ । सडक विभाग मातहत विभिन्न डिभिजनअन्तर्गत रहेका आठ हजार सात सय ९६ किमी सडकमध्ये करिब आठ प्रतिशत लम्बाइमा मात्र पटहोल मर्मत कार्य बाँकी रहेका र उक्त कार्यसमेत विशेष प्राथमिकता साथ भइरहेको छ । यस अवधिमा एक सय ४२ किमीसहित चालु आवमा कूल एक सय ७७ किमी सडक कालोपत्रस्तरमा पुनःनिर्माण तथा स्तरोन्नति भएको साथै यस अवधिमा भएको दुई सय ४१ किमीसहित चालु आवमा जम्मा दुई सय ७८ किमी सडक आवधिक मर्मतसम्भार कार्य सम्पन्न भएको छ ।

११) यस मन्त्रालयअन्तर्गत सञ्चालित विभिन्न आयोजना रुग्ण अवस्थामा रही निर्माण कार्यले गति लिन नसकिरहेको सन्दर्भमा मन्त्रालयको जिम्मेवारी सम्हालेपश्चात् उपत्यकाभित्र र उपत्यकाबाहिरका रुग्ण ठेक्काको विवरण सङ्कलन एवम् आवश्यक कारबाही अगाडि बढाउन मन्त्रालय, विभाग, निर्देशनालय, आयोजना प्रमुख र उक्त ठेक्कासँग सम्बन्धित निर्माण व्यवसायीसँगको प्रत्यक्ष छलफल एवम् समीक्षा बैठक आयोजना गरियो । उक्त सन्दर्भमा दुई सय ६४ वटा रुग्ण ठेक्का पहिचान भएकामा नियमित अनुगमनबाट सो मध्ये २४ वटा ठेक्कामा निर्माण कम्पनीलाई कालो सूचीमा राख्न सिफारिस गर्ने गरी ठेक्का तोडिएको र ४४ वटा ठेक्का प्रचलित कानुनबमोजिम सुविस्ताको आधारमा तोडिएको र बाँकी एक सय ९६ ठेक्काको हकमा निर्माण व्यवसायीबाट प्रतिबद्धता लिई आवधिक लक्ष्य (माइलस्टोन) निर्धारण गरी निर्माण कार्य सुचारु रहेको छ ।

१२) विगत लामो समयदेखि सुस्त गतिमा निर्माण सञ्चालन भएको नारायणघाट-बुटवल खण्डको स्थलगत अनुगमनपश्चात् निर्माण कार्यमा तीव्रता प्राप्त गरेको र यसै अवधिमा कालोपत्र सुरु भई करिब चार किमी खण्डमा दुई लेन कालोपत्र सम्पन्न भइसकेको छ । यस अवधिमा थप ५ दशमलव ५ प्रतिशत भौतिक प्रगति भई हाल उक्त सडक खण्डको भौतिक प्रगति २८ प्रतिशत पुगेको छ । पूर्वपश्चिम राजमार्गअन्तर्गत कञ्चनपुर-कमला खण्डमा १६ प्रतिशत भौतिक प्रगति रहेकामा यस अवधिमा थप ११ दशमलव ३ प्रतिशत कार्य भई हाल समष्टिगत भौतिक प्रगति २७ दशमलव ३ प्रतिशत पुगेको छ । मुग्लिङ-पोखरा सडकअन्तर्गत पूर्वी खण्ड (आँबुखैरेनी-जामुने) को सात किमीमा विद्युत् पोल स्थानान्तरणको कार्य सुरु भएको र उक्त खण्डमा कालोपत्र गर्न अस्फाल्ट प्लान्ट र निर्माण सामग्री तयारी अवस्थामा रहेको छ । उक्त खण्डको समष्टिगत भौतिक प्रगति १० प्रतिशत रहेकामा यस अवधिमा थप ११ प्रतिशत कार्य भई हाल समष्टिगत भौतिक प्रगति २१ प्रतिशत पुगेको छ ।

१३) काठमाडौँ उपत्यका चक्रपथ दोस्रो खण्ड कलङ्की-महाराजगञ्जको विस्तार कार्यअन्तर्गत साइट

- बाँकी पृष्ठ ६ मा

# भाटभटेनीमा वीरगंजवासीको आकर्षण



मधेशदृष्टि
वीरगंज, १३ चैत।
मुलुककै ठूलो चेन सुपरस्टोर भाटभटेनीको स्टोर मधेश प्रदेशमा पहिलोपटक वीरगंजमा सञ्चालनमा आएसँगै स्थानीय उत्साहित भएका छन्। गण्डक बहुअरीमा सञ्चालनमा आएको भाटभटेनीको २४ औं स्टोर चैत ९ गतेदेखि सञ्चालनमा आएको हो। वीरगंज र आसपासका शहरी एवम् ग्रामिण भेगका स्थानीय भाटभटेनी अवलोकन तथा सामग्री खरिदका लागि पुग्ने गरेका छन्। नेपालमै अन्तर्राष्ट्रियस्तरको सपिङ सेवा र अनुभव प्रदान गर्ने उद्देश्यले देशभरका ठूला सहरमा भाटभटेनीको सेवा विस्तार अभियान अनुरुप आर्थिक राजधानी वीरगंज भित्रिएको हो। कबिर २ अर्ब ५० करोड रुपैयाँ लागतमा स्थापना गरिएको स्टोर सञ्चालनमा आएसँगै स्थानीय २ सय ५० भन्दा बढीले प्रत्यक्ष रोजगारी पाएको अध्यक्ष तथा प्रबन्ध निर्देशक मीनबहादुर गुरुङले बताए। भाटभटेनीले स्वदेशी उत्पादन र स्वरोजगारलाई विशेष प्राथमिकता दिएको मात्र छैन, अन्तर्राष्ट्रियस्तरको स्टोरबाट स्थानीयले खोजेका सबै सामग्री पाउने भएकाले पनि बजार डुलिरहने झन्झटबाट मुक्ति पाएका छन्। वीरगंजमा स्टोर सञ्चालनमा आएसँगै वीरगंजवासीले देखाएको साथले उत्साही भएको अध्यक्ष तथा प्रबन्ध निर्देशक गुरुङले बताए। 'यो स्टोर वीरगंजवासीको हो, हामी त निमित्त मात्र हौं, माध्यम बनेर संचालनमा मात्र ल्याएका हौं, यसलाई समग्र वीरगंजको सम्पत्तिका रुपमा ग्रहण गरेकाले हामीलाई हौसला मिलेको छ।' स्टोरले शुभारम्भका अवसरमा सबै सामानमा १० प्रतिशत तथा इलेक्ट्रोनिक्स सामानमा २० प्रतिशतसम्म छुट प्रदान गरेको छ। छुट यथावत राखिएको भाटभटेनी सुपर स्टोरका व्यवस्थापक विनोद भट्टराईले बताए।

२ बिगाहा १० कठ्ठा क्षेत्रफलमा निर्मित स्टोर २ लाख ५० हजार स्क्वायर फिट सपिङ स्पेसमा अन्डरग्राउन्ड बेसमेन्ट पार्किङसहित ७ तल्लाको छ। स्टोर अहिले सम्मका सबै स्टोरमध्ये भवन तथा सपिङ स्पेसको हिसाबले सबैभन्दा ठूलो रहेको भाटभटेनीले जनाएको छ। स्टोरमा ग्रोसरी, भाडाकुँडा, बच्चाका खेलौनाका सामान, लत्ताकपडा, जुत्ता, टिभि, फ्रिज, वासिङमेसिन वर्ल्ड क्लास ब्रान्डेड लुगासँगै दैनिक उपभोग्य सबै सामान एकैठाउँमा बजारकै मूल्यमा उपलब्ध गराइएको सुपर स्टोरका सिइओ पानु पौडेले बताए। फुडकोर्टसहितको पूर्ण वातानुकुलीत एवम् आकर्षक सजावटसहित एकै स्थानमा अन्तर्राष्ट्रियस्तरको सपिङ गर्न पाउदा खुशी लागेको वीरगंजका व्यवसायी जंगबहादुर पण्डितले बताए। उनले भने, 'यसअघि स्तरीय सपिङका लागि भारत वा हेटौंडा तथा चितवन पुग्न पर्ने बाध्यता भाटभटेनीले हटाएको छ।' भाटभटेनीको सञ्चालनले यस क्षेत्रका आम उपभोक्ताको समयको समेत बचत गरेको वीरगंज उद्योग वाणिज्य संघका सिइओ मनोज उपाध्यायले बताए। 'ग्राहकले खोजेका गुणस्तरीय सबै सामान एकै ठाउँमा पाइने हुँदा बजारमा भौतारिरहन नपर्नाले समयको समेत बचत हुन्छ,' उनले भने। वीरगंजसँगै न सिमावर्ती बजार रक्सौल आसपासका उपभोक्ता पनि आउने गरेका छन्। सपिङका लागि आएकी रक्सौलकी गृहिणी रिङ्कु जैसवाल भाटभटेनीमा अन्तर ष्ट्रियस्तरको सपिङ गर्न पाउदा खुशी लागेको र समय मिलाए आइरहने बताउँछिन्।

भाटभटेनीले ६ हजार पाँच सयलाई रोजगारी प्रदान गरिसकेको छ। २०८० भित्रै मधेश प्रदेशको राजधानी जनकपुर र झापाको बिर्तामोड तथा दमकमा थप स्टोर सञ्चालनमा ल्याउने तयारीमा छ।

नेपालबाट भारतीय बजारमा उपभोक्ता पुग्ने प्रचलन बदलिएको छ। भाटभटेनीले तराई क्षेत्रका सहरमामा सुपर स्टोर सञ्चालनमा ल्याएपछि भारत सिमावर्ति सहरका उपभोक्ता सामान किन्न र सहज सपिङमा आउन थालेका छन्। विराटनगर, भैरहवा, नेपालगंज तथा धनगढीमा पनि सिमावर्ती सहरका भारतीय सरसामान किन्न र मनोरन्जन गर्न भाटभटेनीकै कारण नेपाल आउन थालेका छन्।

# अमेरिका पठाउने भन्दै पौने १४ करोड ठगी

काठमाडौं, १३ चैत।
नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै एक समूहले करोडौं ठगी गरेको खुलेको छ। उनीहरूले २०७७ देखि हालसम्म भुटानी शरणार्थी बनाइ अमेरिका लैजान्छु भनी विश्वासमा पारी ८१ पीडितबाट करिब १३ करोड ६३ लाख रुपैयाँभन्दा बढी ठगी गरेको पाइएको छ। नक्कली शरणार्थी बन्न फारम भर्नुपर्ने भन्दै प्रतिव्यक्ति २० लाख रुपैयाँसम्म असुलेको पीडितले बताए। उनीहरूले आफ्नो सम्पर्कमा आएका र उनीहरूको चिनजानमा रहेका व्यक्तिलाई प्रयोग गरी तिनका आफन्त र नातागोतालाई शरणार्थीका नाममा अमेरिका पठाइदिन्छु भनी लोभमा फसाएको पाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ। त्यसरी लोभमा फसाएर उनीहरूले भुटानी शरणार्थीको नाम दर्ताका लागि भनेर फाराम भर्न लगाएका पाइएको कार्यालयका प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए। उनीहरूले पीडितबाट त्यसरी लोभमा फसाएर प्रतिव्यक्ति १५ देखि २० लाख रुपैयाँ लिने गरेका थिए। यसरी फाराम भरेका सबै नेपाली नागरिक रहेको अनुसन्धानमा भेटिएको प्रहरीले जनाएको छ। उनीहरूले गृह मन्त्रालय र शरणार्थी समितिका उच्च अधिकारीसँग सेटिङ भइरहेको भन्दै गृह, श्रम मन्त्रालय र शरणार्थीसँग सम्बन्धित विभिन्न निकायसँग सम्बन्धित पत्र, निर्णय देखाएर विश्वासमा पार्ने गरेको पनि खुलेको छ। अमेरिका लैजाने भनेर बहानामाथि बहाना बनाएपछि मात्रै पीडितहरूले आफू ठगिएको चाल पाएका थिए। त्यतिबेला भने उनीहरूले रकम बुझाइसकेका थिए। लामो समयसम्म अमेरिका जाने नदेखिएपछि आफूहरु ठगी भएको थाहा पाई पीडितहरूले आफ्नो पैसा फिर्ता गरभन्दा पीडकले उल्टै ज्यान मार्नेसम्मको धम्की दिएका थिए। त्यसपछि ८१ जना पीडित प्रहरीकामा आइपुगेका हुन्। ठगी भएको रकम सङ्कलनका लागि विभिन्न व्यक्तिको बैंक खाता प्रयोग भएको पाइएको छ। पीडितले ६५ लाखभन्दा बढी रकम ती व्यक्तिको खातामा जम्मा गरेको भेटिएको पनि प्रहरी अनुसन्धानमा खुलेको छ। पीडितमध्ये १० जनाभन्दा बढीका नाममा गृह मन्त्रालयका नाममा सरकारी लोगोसमेत प्रयोग गरी शरणार्थी परिचय पत्र तथा ट्राभल डकुमेन्ट समेत बनेको पाइएको छ। नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाइ अमेरिका पठाउने खेलमा तत्कालीन मन्त्रालयका पदाधिकारी र शरणार्थी समस्या समाधानसम्बन्धी कार्यदलका सदस्यकोसमेत मिलेमतो रहेको आशङ्का गरिएको प्रहरीले जनाएको छ। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरी अनुसन्धान थालेको छ। घटनामा अन्य व्यक्तिसमेत संलग्न रहेको आशङ्कामा खोजी पनि जारी रहेको प्रहरीले जानकारी दिएको छ। पक्राउ पर्नेमा ललितपुरको महालक्ष्मी नगरपालिका-४ सीतापाखा हाइट बस्ने ५० वर्षीय सानु भण्डारी, मोरङको पथरी शनिश्चरे नगरपालिका-१० घर भई हाल ललितपुरको धापाखेल बस्ने ४९ वर्षीय केशवप्रसाद दुलाल र पाँचथरको फिदिम घर भई हाल ललितपुरको धापाखेलका बस्ने ४५ वर्षीय टङ्कमुमार गुरुङ छन्। उनीहरूलाई आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर टेकु पठाएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।रासस

# दोहोरो अंकले बढ्यो नेप्से

काठमाडौं। यो साता कारोबारको पहिलो दिन उच्च अङ्कले घटेको पुँजीबजारमा सोमबार दोस्रो दिन भने दोहोरो अङ्कको वृद्धि देखिएको छ। सोमबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १७ दशमलव ७० प्रतिशतले बढेर एक हजार नौ सय ६ को बिन्दुमा कायम भएको छ। सोमबार दुई सय ६१ वटा कम्पनीको ४३ लाख आठ हजार छ सय ४५ कित्ता शेयर ३६ हजार नौ सय ८० पटक खरिद बिक्री हुँदा एक अर्ब ३८ करोड २७ लाख ६७ हजार नौ सय रुपैयाँ बराबरको कारोबार भएको छ।सोमबार लघुवित्त समूह १७ दशमलव शुन्य ३ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक एक सय ९४ दशमलव ४५ अङ्क र निर्जीवन बीमा समूहको उपसूचक एक सय २६ दशमलव ४३ अङ्कले बढेको छ। सोमबार बैंकिङ समूह तीन दशमलव १४, विकास बैंक समूह ७६ दशमलव ८७, वित्त समूह ३२ दशमलव ६३, होटल तथा पर्यटन समूह ४७ दशमलव ५० र जलविद्युत् समूह ४३ दशमलव ५२ अङ्कले बढेको छ। त्यसैगरी लगानी समूह शून्य दशमलव ५२, उत्पादन समूह ९९ दशमलव ९८, म्युचुअल फन्ड शून्य दशमलव शून्य ८, व्यापार समूह २५ दशमलव ९९ र अन्य समूह १४ दशमलव २६ अङ्कले बढेको छ।सोमबार सुपरमाइ हाइड्रोपावर लिमिटेड, एसियन हाइड्रोपावर लिमिटेड र कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने नेसनल फाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। हिमालय डिस्टिलरी लिमिटेडको सोमबार सबैभन्दा धेरै पाँच करोड ९० लाख ८० हजार रुपैयाँ बराबरको शेयर कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने ग्लोबल आइएमई बैंक प्रमोटर शेयरको दुई लाख ७४ हजार दुई सय ९६ कित्ता शेयर खरिद बिक्री भएको छ।

## वायुसेवा निगमलाई स्पष्टिकरण

काठमाडौं, १३ चैत।
नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले नेपाल वायुसेवा निगमलाई स्पष्टिकरण सोधेको छ। निगमले मलेसियाको क्वालालम्पुरमा नियमित उडानको सम्भावना हुँदाहुँदै चार्टर्ड उडानको अनुमति माग गरेपछि क्यानले स्पष्टिकरण सोधेको हो। क्यानका महानिर्देशक प्रदीप अधिकारीले निगमले नियमित उडानका लागि मलेसियाको नागरिक उड्डयन प्राधिकरण समक्ष समयमै आवश्यक कागजात नबुझाउँदा उडानको अनुमति नपाएको जानकारी दिए। निगमले नियमित उडानको अनुमति नपाएपछि अहिले क्यान समक्ष चार्टर्ड उडानका लागि अनुमति माग गरेको छ। 'निगमसमक्ष काठमाडौं-मलेसियामा सातामा १४ वटासम्म उडान गर्ने सुविधा छ,' उनले भने, 'तर निगमले हेलचेक्र्याइँ गरी पुरानो कागजात पठाएकाले उडान अनुमति पाएको छैन।' निगमसँग सातामा सात वटा नियमित उडान गर्नसक्ने प्रावधान बाँकी रहँदा पनि चार्टर्ड उडान किन गर्नु परेको भन्दै स्पष्टिकरण सोधिएको उनको भनाइ छ। निगमका प्रवक्ता अर्चना खड्काले मलेसियाको नागरिक उड्डयन प्राधिकरण समक्ष 'समर सेड्युल'का लागि मार्च २८ देखि उडान अनुमति माग गरेको बताइन्। तर प्रक्रियामै रहेकाले अनुमति प्राप्त नभइसकेको उनको भनाइ छ। नेपाल र मलेसियाबीच सन् २०१५ अप्रिल ३ मा द्विपक्षीय हवाई सेवा सम्झौता भएको थियो।

# 'आँप फुल्यो, किसानको मन फुल्न सकेन'

*मजुराफूल फूल्नुअघि आँपको रुखको जरा वरिपरि पानी हाल्ने र फेददेखि ३ फिट माथिसम्म चुन दल्ने प्राकृतिक उपचारले मधुवा किराको प्रकोप नियन्त्रणमा आउन सक्छ'*

घनश्याम बलम्पाकी
सर्लाही, १३ चैत।
उत्तरी चुरेपर्वतीय भावर क्षेत्रमा व्यावसायिक रुपमा गरिएको आँपमा डुसी रोग देखिएपछि किसान चिन्तित बनेका छन्। आँपका रुखमा पात नदेखिने गरी बोटै ढपक्क ढाकेर मजुरा फूलदा मख्ख परेका किसान मधुवा किराका कारण डुसी देखा परेपछि चिन्तित बनेका हुन्।

मधुवा किराले खाएपछि गुलियो लेसिलो पदार्थ मजुराफूलमा ओकलेपछि डुसी रोगको संक्रमण बढ्दछ। बागमती, हरिवन, लालबन्दी, ईश्वरपुरलगायतका क्षेत्रमा मधुवा किराको प्रकोप देखिएको छ। हरिवन-३ डाबरीका विनय आलेले दश कठ्ठा जग्गामा लगाएको बोटमा मधुवा किराको प्रकोप देखिएको बताए।

उनले भने, 'आँपका मजुराफूलमा मधुवाका कारण फूल भरेर दाना लागेको छैन, आँप नफल्दा यो वर्ष आम्दानी नै नहुने स्थिति छ।'

'पहाडमा लालीगुरास फूलेझैं आँपमा ढकमक्क मजुराफूल फूलेको देख्दा मन रमाएको थियो,' उनले भने, 'मजुराफूलमा डुसी देखिएपछि फूलले बहार होइन



निराशाको हरक फालिरहेको छ।' ईश्वरपुर नगरपालिका-७ का रामखेवन महतो बगैचाभम आँपका मजुराफूलमा मधुवाको प्रकोपले चिन्तित छन्। फागुन अन्तिम साताबाट मजुराफूलमा मधुवा किराको प्रकोप देखिएको थियो उनले बताए।

'चैत लागेपछि मजुराफूलमा डुसी देखियो,' उनले भने।

लालबन्दीस्थित उष्णप्रदेशीय बागवानी केन्द्रका प्रमुख रामकुमार यादव केन्द्रको अधिनमा रहेका एक सय २० बिघा जग्गामा रहेका ६ हजार बढी आँपका रुख सुरक्षित र स्वस्थ रहेको बताउँछन्। उनले भने, 'रोग, किरा र डुसी लाग्न नदिन सुरुमै मधुवा किराको नियन्त्रणका उपाय अपनाइएको छ।'

'मजुराफूल फूल्नुअघि आँपको रुखको जरा वरिपरि पानी हाल्ने र फेददेखि ३ फिट माथिसम्म चुन दल्ने प्राकृतिक उपचारले मधुवा किराको प्रकोप नियन्त्रणमा आउन सक्छ,' उनले भने, 'यहाँका अधिकांश किसानले प्राविधिक ज्ञानविना विषादि प्रयोग गर्छन्, पसलेको सल्लाह अनुसार प्रयोग गर्दा कहिलेकहीं फल झर्ने, फूल डढ्ने समस्या देखिन्छ।' मधुवा किराको प्रकोप देखा परेपछि भने विषादिबाहेक अर्को विकल्प नरहेको कृषि विज्ञहरुले बताएका छन्।

कृषि ज्ञान केन्द्र मलंगवाका प्रमुख कमलदेव कुशवाहले मधुवा प्रकोप पीडित किसानले प्रकृया पुऱ्याई कार्यालयमा आए औषधि एवम् प्राविधक सहयोग गरिने बताए। उनले भने, 'बलरा, हथिऔल, इश्वरपुर तथा चुरेपर्वतीय भावर क्षेत्रको आठ हजार हेक्टरभन्दा बढी जग्गामा व्यावसायिक रुपमा आँपखेती हुने गरेको छ।'

## अर्थ संक्षेप

### मालपोत कार्यालयमा विद्युतीय प्रणाली

काठमाडौं। सरकारले मुलुकका सबै मालपोत कार्यालयलाई विद्युतीय प्रणालीमा आबद्ध गर्ने भएको छ। मालपोत कार्यालयमा लागू भएको भू-राजस्व सूचना प्रणालीबाट सबै मालपोत कार्यालय जोडिने र यसबाट सेवाग्राहीले सहजरुपमा सेवा पाउने तथा अभिलेख प्राणली व्यवस्थित हुनेछ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा दामोदर रेग्मीले विद्युतीय प्रणालीमा आबद्ध नभएका कार्यालयलाई वैशाख २ र आगामी असार मसान्त गरी दुई चरणमा यो काम सम्पन्न गर्न निर्देशन दिइसकेको जानकारी दिए। पछिल्लो समय मन्त्रालयले मालपोत र नापी कार्यालयका कर्मचारीसँग नियमित सम्पर्क गरी काम चुस्त बनाउन समन्वय संयन्त्रलाई प्रभावकारी बनाउन जुममार्फत सचिवसँग कार्यालय प्रमुख कार्यक्रम सञ्चालन गर्दै आएको छ।

### सुन तोलाको एक लाख नौ हजार

काठमाडौं। सुनचाँदी बजारमा सोमबार छापावाल सुनको मूल्य एक लाख नौ हजार रुपैयाँ तोकिएको छ। अघिल्लो दिन प्रतितोला एक लाख नौ हजार दुई सय रुपैयाँमा कारोबार भएको सुन सोमबार प्रतितोला दुई सय रुपैयाँले घटेको हो। नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार सोमबार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख आठ हजार पाँच सय छ। यसको मूल्य अघिल्लो दिन रु एक लाख आठ हजार सात सय थियो। त्यस्तै सोमबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला १० रुपैयाँले घटेर एक हजार तीन सय ६० रुपैयाँमा आएको महासङ्घले जनाएको छ। महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ।

### बचत फिर्ता पाइएन

काठमाडौं। आरक्ष सहकारीका सदस्यले आफ्नो बचत फिर्ता पाउन सकेका छैनन्। बौद्ध, जोरपाटी क्षेत्रकै दर्जनौं सहकारीबाट पीडित भएका छन्। बचतकर्ताको पैसा फिर्ता गर्न नसकेपछि गत भदौदेखि नै कार्यालय बन्द रहेको छ। सहकारीको कार्यालयमा राखिएको फोनमा फोन उठ्दैन। कार्यालयमा तालाबन्दी भएको छ। पीडितले महानगरपालिकाको सहकारी विभागमा उजुरी दर्ता गराएका छन्। महानगर क्षेत्रका सहकारीको गतिविधि र अवस्था अध्ययन गरी सहकारी व्यवस्थापनका लागि कानुनी व्यवस्था गर्न लागिएको समिति नै बनाएर काम थालिएको छ। महानगरपालिकाले महानगर क्षेत्रका सहकारीमा बचत गरेको प्रमाणसहितको प्रतिलिपि बुझाएर सहयोग गर्न पनि बचतकर्तालाई आह्वान गरेको छ।

### सहकारी समस्यामा

दाङ। बजारमा केही सहकारी बन्द भएपछि चलिरहेका सहकारी पनि समस्यामा पर्न थालेका छन्। केही सहकारी बन्द हुन थालेपछि चलिरहेका अन्य सहकारीमा पनि बचत फिर्ता माग्न आउनेको घुइँचो लाग्न थालेको छ। पछिल्लो समय केही सहकारी बन्द हुने अवस्थामा पुगेपछि आफ्नो सहकारीप्रति पनि शेयर सदस्यले आशङ्का गर्न थालेका तुलसीपुर-६ स्थित राप्ती विश्वासी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष ईन्द्रबहादुर बुढाथोकीले बताए। दाङको तुलसीपुर उपमहानगरपालिकासहित दङ्गीशरण, बबई, शान्तिनगरलगायत कार्यक्षेत्र छ। बबईको हड्सपुर र शान्तिनगरको रगैजामा सहकारीको सेवा केन्द्र छन्।

### मिटर ब्याजीविरुद्ध उजुरी

नेपालगंज। बाँकेस्थित जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याजीविरुद्ध २२ उजुरी परेका छन्। उजुरी परेकामध्ये १५ मुद्दा अदालती प्रक्रियामा पुगेको, दुई मुद्दा मिलापत्र भएको, दुई मुद्दा प्रहरीमा पठाएको, एउटा व्यक्ति सम्पर्कमा नआएको र दुई मुद्दा कारबाहीको प्रक्रियामा रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। प्रमुख जिल्ला अधिकारी विपीन आचार्यले जिल्लामा मिटर ब्याजीको ठूलो समस्या नरहेको उल्लेख गर्दै नियमित रुपमा कारबाही प्रक्रियालाई अघि बढाइएको बताए। प्रजिअ आचार्यले अदालतमा पुगेका मुद्दा अदालतबाट टुङ्गो लाग्ने जानकारी दिँदै केही मिलापत्र भएको र एउटा व्यक्ति सम्पर्कमा नआएकाले खोजी भइरहेको बताए। मिटरब्याजी पीडितलाई सरकारले उजुरी गर्न आग्रह गरेपछि यस विषयमा छानविन सुरु गरिएको हो।

### उद्योग व्यवसायी सङ्घमा शाही

कर्णाली। उद्योग व्यवसायी सङ्घ सुर्खेतको अध्यक्षमा धीरेन्द्रबहादुर शाही निर्वाचित भएका छन्। वीरेन्द्रनगरमा सम्पन्न प्रथम जिल्ला अधिवेशनले शाहीको अध्यक्षतामा १७ सदस्यीय जिल्ला कार्य समिति चयन गरेको हो। समितिको वरिष्ठ उपाध्यक्षमा लोकेन्द्रबहादुर थापा, वाणिज्य उपाध्यक्षमा पारस विष्ट, उद्योग उपाध्यक्षमा गोरख विक, महिला उपाध्यक्षमा चन्द्रा कार्की र महासचिव खगेन्द्र पुलामी मगर निर्वाचित भएका छन्। त्यस्तै, सचिव नरबहादुर विक, कोषाध्यक्ष अनिल शाही तथा सदस्य तेजबहादुर सिंह, जङ्गबहादुर बिसी, प्रेमबहादुर श्रेष्ठ, दीपेन्द्र गैरे, खिमबहादुर वली, ललित सुनार, जनक विष्ट, पदमा देउवा र बेलमती नेपाली निर्वाचित भएको अध्यक्ष शाहीले बताए।

# काठमाडौं-रक्सौल रेलमार्ग १३६ किलोमिटर !



मधेशदृष्टि
जनकपुरधाम, १३ चैत ।
भारत सरकारद्वारा प्रस्तावित काठमाडौं-रक्सौल रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) एक महिनाभित्रै तयार हुने भएको छ । केआरसिएलले तयार पारेको प्रारम्भिक रिपोर्टमा प्रस्तावित रक्सौल-काठमाडौं रेलमार्गको लम्बाइ १ सय ३६ किलोमिटर हुने देखिएको थियो । उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठका अनुसार अध्ययन सकेर एक महिनाभित्रै प्रतिवेदन नेपालले पाउने अपेक्षा गरिएको छ । भारतले यसबारे जानकारी दिइसकेको मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा श्रेष्ठले जानकारी दिए । डिपिआर अध्ययनका लागि २०७८ असोज २२ गते नेपाल र भारतबीच द्विपक्षीय समझदारी (एमओयू) भएको थियो । एमओयूअनुसार रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन भारतले आफ्नै खर्चमा भारतीय सरकारी कम्पनीमार्फत तयार गरेको हो ।

भारतले सम्झौता नुसार नेपालमै काम गर्न टोली पठाएको थियो । १८ महिनाभित्र यो काम सकाउने लक्ष्य थियो । यो रेलमार्गको प्रारम्भिक इन्जिनियरिङ तथा ट्राफिक सर्वेक्षणको रिपोर्ट भारतले नेपाललाई दिइसकेको छ ।

यो रेलमार्ग निजगढ हुँदै खोकनासम्म बनाउन प्रस्ताव गरिएको छ । प्रस्तावित रेलमार्गको करिब ४० किलोमिटर खण्डमा सुरुङ रहनेछ भने साना-ठूला गरी करिब ३५ वटा पुल पनि बनाउनुपर्ने देखिएको थियो । भारतले यो रेलमार्ग ब्रोडगेज प्रविधिमै बनाउने गरी अध्ययन गरेको हो । सरकारले देशभर बन्ने रेल्वे लाइन स्टान्डर्ड गेजमा बनाउने नीति लिएको छ ।

उत्तरतर्फको छिमेकी चीनसँग केरुङ-काठमाडौं रेलमार्गको डिपिआर स्टान्डर्ड गेजमा आधारित भएर बनाउने समझदारी भएको छ । नेपालले आन्तरिक रुपमा बनाउने पूर्वपश्चिम रेलमार्ग पनि स्टान्डर्ड गेजमै बनाउने सरकारी योजना छ । काठमाडौं-रक्सौल रेलमार्ग पनि स्टान्डर्ड गेजमै बनाउन उपयुक्त हुने विज्ञहरुको सुझाव भएपनि भारतले स्टान्डर्ड गेज प्रविधि र प्राविधिक विज्ञता आफूसँग नभएको भन्दै रक्सोल-काठमाडौं रेलमार्ग ब्रोडगेज प्रविधिमा बनाउनुपर्ने अडान लिएको थियो । नेपालले स्टान्डर्ड गेजमा आधारित भएर डीपीआर गर्न अनुरोध गरे पनि भारत तयार नभएकाले परम्परागत प्रविधिमै रेल बनाउन खोजिएको छ ।

यातायातमन्त्री श्रेष्ठका अनुसार कुर्तासम्म आएको जनकपुर-जयनगरको रेल बिजलपुरासम्म चलाउन तयारी अघि बढेको छ । भविष्यमा यो रेल सेवालाई बर्दिवाससम्म विस्तार गरिने उनले बताए । डीपीआर प्रतिवदेन प्राप्त भएपछि आयोजनाको निर्माणको मोडालिटबिारे छलफल अघि बढ्नेछ । नेपालले भारतसँग अनुदानमा परियोजना बनाइदिन अनुरोध गर्दै आएको छ ।

## स्थानीय तहमा ..........................................

विकासको काम गर्न खोज्दा प्रदेश र संघमा कुन पार्टीको भनेर असहयोग भइरहेको उनको अनुभव छ । भने, 'आन्तरिक स्रोतसाधनबाट नै स्थानीय तहमा विकास अपर्याप्त हुन्छ । त्यसका लागि मन्त्रालयमा काम लिएर जाँदा पहिले त पार्टी सोधिन्छ अनि मात्र कामको विषय सोधनी हुने गरेको छ ।'

यस्तै बर्दिबास नगरपालिकाका नगरप्रमुख प्रल्हादकुमार क्षेत्री भन्छन्, 'पालिकामा अल्पमतका साथै संघीय र प्रदेश सत्ताकेन्द्रमा रहेका राजनीतिक दलकै कारण काम गर्न सहज छैन ।' प्रमुख प्रशासकीय अधिकृतहरु राजनीतिक दलको रोजाइमा रहेका कारण सरुवा प्रक्रियाले नियमित काम समेत हुन नसकेको उनको अनुभव छ ।

कांग्रेसबाट टिकट नपाएर स्वतन्त्रबाट निर्वाचित प्रमुख क्षेत्रीले निर्वाचित भएलगतै कांग्रेस निकट मानिने धर्मानन्द जोशीलाइ ल्याए । तर उनलाई ४ महिनामा सरुवा गरियो । त्यसपछि आफ्नै रोजाइमा किरणनिधि तिवारी ल्याए तर उनलाई माओवादी नेताहरुले १५ दिनमै सरुवा गराइदिए । लामो समयदेखी माओवादी केन्द्रको सो क्षेत्रमा प्रभाव छ । सोनामा गाउँपालिकाका अध्यक्ष विश्वेश्वर प्रसाद यादवले अल्पमतको अनुभवन सुनाउँदै विकासको लामो फेहरिस्त लिएर अगाडि बढ्नखोज्दा कार्यपालिका सदस्यहरुबाट नै 'ब्रेक' लगाउने काम भएको बताउँछन् ।

उनले भने, 'आफूले गरेको निर्णयमा सहमत गराउन र समर्थन जुटाउनै समस्या छ ।' लोसपावाट निर्वाचित अध्यक्ष यादवको पार्टी कार्यपालिकामा बहुमतमा नहुँदा विपक्षीसगँ 'शरण' नै पर्नु परेको अनुभव छ । महोत्तरी गाउँपालिकाका अध्यक्ष दीलिप पाण्डे लोसपा, जसपाको बहुमत रहेको पालिकामा निर्णय गर्न असहज वातावरण नभए पनि अल्पमतका कारण अपेक्षित काम गर्न नसकिरहेको बताउँछन् । उनले भने, 'विकास निर्माणमा खासै समस्या नभए पनि अधिकांश टेबल गरिएका विषयमा अल्पमतमा परेर रोकिने गरेको छ ।' पालिकामा यसअघि वडामा छुट्याउने बजेटमा असहमति हुँदा महिनौं गाउँसभा रोकिएको थियो ।

# वडास्तरीय विपद् व्यवस्थापन समिति



मधेशदृष्टि
जनकपुरधाम, १३ चैत ।
धनुषाको सहिदनगर नगरपालिकामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ ।

हैबिट फर ह्युमनिटी नेपाल र सामुदायीक सुधार केन्द्र (सिआइसी) जनकपुरधामको आयोजनामा सहिदनगर नगरपालिका वडा नम्बर १ मा विपद व्यवस्थापन समिति गठन गरिएको छ ।

वडाध्यक्ष तेजीलाल यादवको अध्यक्षतामा भएको समितिमा वडा सदस्यहरु प्रहरी कार्यालयका प्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतीनिधि, स्वास्थ्यकमी, विद्यालयका प्रधानाध्यापक, दलित तथा अपाङ्ग सदस्य छन् । समितिले समयमै विपदको जोखिमलाई न्युनिकरण तथा स्थानीयस्तरमा चेतना जगाउनुको साथै उच्च जोखिमबाट पर्ने प्रभाव न्युनीकरणको लागि पहल गर्नेछ ।

## तीन महिनामा भौतिक ..........................................

क्लियरेन्सलगायत पूर्वतयारीका केही कार्यहरु बाँकी रहेको अवस्थामा महामहिम चिनियाँ राजदूत, काठमाडौं महानगरपालिकाका प्रमुख र नेपाल विद्युत् प्राधिकरणका पदाधिकारीसहितको संयुक्त स्थलगत अनुगमनपश्चात् सो कार्यको समाधान गरी चक्रपथ विस्तार कार्यले गति लिएको छ । हाल चिनियाँ परामर्शदाताबाट डिजाइन गर्ने कार्य भइरहेको साथै उक्त खण्डमा सर्भिस लेन निर्माणको कार्य नेपाल सरकारको स्रोतबाट तीव्र गतिमा भइरहेको छ । यसका साथै काठमाडौं चक्रपथको कोटेश्वर-कलङ्की खण्डको ग्वार्को चोकमा फ्लाइओभर निर्माण कार्यसमेत सुरु भएको छ ।

१४) राष्ट्रिय गौरवको आयोजनातर्फ मध्यपहाडी राजमार्गअन्तर्गत यस अवधिभित्र १८ किमीसहित यस आवमा जम्मा ४२ किमी सडक कालोपत्र भएको र थप तीनवटा पुलको निर्माण सम्पन्न भएको छ । हुलाकी राजमार्गअन्तर्गत यस अवधिमा थप १५ किमी सडकसहित यस आवमा जम्मा ३६ दशमलव ५ किमी सडक कालोपत्र भएको र यस अवधिमा थप आठवटा पुल निर्माण भएको छ ।

उत्तर-दक्षिण राजमार्गअन्तर्गत रहेको कालीगण्डकी कोरिडोरमा थप नौ किमी कालोपत्र सम्पन्न भएको र थप तीनवटा पुलहरुको निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी, कर्णाली कोरिडोरमा यस अवधिमा थप २८ किमी ट्र्याक चौडा गर्ने कार्य भई यस आवमा जम्मा ३८ किमी सडक चौडा गर्ने कार्य सम्पन्न भएको छ भने कोशी कोरिडोरमा थप १३ किमी गरी जम्मा १५ किमी सडक ग्राभेलस्तरमा स्तरोन्नति कार्य सम्पन्न भएको छ ।

१५) नागढुङ्गा-नौबिसे सुरुङ मार्गको मुख्य सुरुङ र आपत्कालीन सुरुङ गरी कूल पाँच हजार चार सय ९९ मिटरमध्ये यस अवधिमा थप तीन सय ५० मिटरसहित हालसम्म जम्मा चार हजार दुई सय ५० मिटर सुरुङ खन्ने कार्य सम्पन्न भएको छ । इपिसी मोडलमा ठेक्का व्यवस्थापन भएको सिद्धार्थ राजमार्गको सिद्धबाबा क्षेत्रमा सुरुङ मार्ग निर्माणका लागि निर्माण व्यवसायीबाट डिजाइन तयार भई परामर्शदाताबाट पुनरावलोकनका क्रममा रहेको छ । यस अवधिमा निर्माण व्यवसायी साइटमा परिचालन भइसकेको अवस्था छ ।

१६) पूर्व झापाको बाहुनडाँगीदेखि पश्चिमको डडेल्धुराको रुपालसम्म जोड्ने मदन भण्डारी राजमार्गको गुल्मी र सुर्खेत खण्डमा गरी ४८ किमी ठेक्का आह्वान भई सम्झौता भएको र निर्माण कार्य प्रारम्भ हुने चरणमा रहेको छ । अन्य खण्डमा कालोपत्रस्तरमा स्तरोन्नति कार्य चालु रहेको छ ।

१७) यस अवधिमा सडक विभागअन्तर्गत योजना/डिभिजनबाट भएको निर्माण कार्यको प्रगतिको समीक्षा गर्दा चालु आवमा भएको कूल दुई सय ४८ किमीमध्ये यस अवधिमा एक सय ६७ किमी सडक कालोपत्र भएको, कूल तीन सय १६ किमीमध्ये यस अवधिमा दुई सय १० किमी सडक ग्राभेलस्तरमा स्तरोन्नति भएको र कूल एक सय चार किमीमध्ये यस अवधिमा ४० किमी नयाँ ट्र्याक निर्माण सम्पन्न भएको छ । पुल निर्माणतर्फ यस अवधिमा कूल ६५ वटासहित चालु आवमा जम्मा ७४ वटा पुल निर्माण सम्पन्न भएको छ । विगतमा निरन्तररुपमा सञ्चालित स्वीकृत कामलाई थप गति प्रदान गरी यी उपलब्धि हासिल गरिएको छ ।

रेल यातायाततर्फ

१८) बर्दिबास-निजगढ खण्डमा दुई किमी लम्बाइ ट्र्याक बेड निर्माण भएको, दुईवटा रेल्वे पुलको निर्माण सम्पन (बागमती र जङ्गा नदी), रौतहट जिल्लामा पर्ने वन क्षेत्रको रूख हटाउने कार्य २.५ वर्षपछि सुचारु भएको छ ।

१९) भारतको बथनाहादेखि विराटनगरसम्म मालवाहक रेल सेवा सञ्चालन गर्ने तयारी अवस्थामा रहेको । कुर्था विजलपुरा खण्डको निर्माण सम्पन्न भई रेल सेवा सञ्चालनको तयारी भइरहेको छ ।

२०) विजलपुरा-बर्दिबास खण्डको रेखाङ्कनमा जग्गा अधिग्रहण कार्यको समस्या समाधान भई मुआब्जा वितरण सुरु भएको छ र करिब सात बिघा जग्गाको मुआब्जा वितरण गरिएको छ ।

२१) रक्सौल-वीरगञ्ज-काठमाडौं रेलवेको विकासका लागि भारत सरकारको सहयोगमा भइरहेको विस्तृत सर्भे तथा अध्ययन कार्य यस अवधिमा तीव्रताका साथ भई अबको एक महिनामा अन्तिम प्रतिवेदन प्राप्त हुने अवस्था रहेको छ । केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययनको कार्य चीन सरकारको अनुदान सहयोगमा चिनियाँ परामर्शदाताबाट स्थलगत रुपमा सुरु भएको छ ।

२२) जयनगर-जनकपुर रेलमा दैनिक करिब तीन हजार यात्रुहरुले सहज यातातात सेवा प्राप्त गरिरहेका छन्, जनकपुर क्षेत्रको पर्यटन तथा व्यापार व्यवसायमा वृद्धि भएको र रेल सञ्चालन घाटा कम हुँदै गएको छ । हाल भारतको एउटा रेल कम्पनीबाट ठेक्कामा सञ्चालन भएको यो सेवा आगामी सन् २०२४ को जनवरीदेखि नेपाली दक्ष कामदारबाट नै नेपाल रेल कम्पनीबाटै सञ्चालन गर्ने गरी सङ्गठन सर्वेक्षण सम्झौताको मस्यौदा तयार भएको छ ।

यातायात व्यवस्थातर्फ

२३) सवारी चालक अनुमतिपत्र (लाइसेन्स) मागअनुसार उपलब्ध गराउन नसकी सेवाग्राहीले भोगेको सास्ती, कठिनाइलाई दृष्टिगत गरी छपाइसँग सम्बन्धित स्मार्ट कार्ड, प्रिन्टर खरिद प्रक्रिया लगायतको कार्ययोजना मन्त्रालयले तदारुकताका साथ अगाडि बढाएको छ । १२ लाख स्मार्ट कार्ड आपूर्तिका लागि छनोट भएको जर्मनी कम्पनीसँग २०७९ फागुन १० गते सम्झौता भई शीघ्र आपूर्तिको पहल गरिएको छ ।

यसको साथै कार्ड आपूर्तिमा विद्यमान प्रकारको सङ्कट देखानपरोस् भनेर थप स्मार्ट कार्ड आपूर्ति प्रक्रिया अगाडि बढाउन स्रोत सुनिश्चितताको प्रक्रिया अगाडि बढाइएको छ ।

२४) सवारी चालक अनुमतिपत्र छपाइ गर्ने मास-प्रिन्टर खरिद प्रक्रियामा राष्ट्रिय बोलपत्र माध्यममार्फत कुनै पनि बोलपत्र प्रस्ताव नभएपछि अन्तर्राष्ट्रिय बोलपत्र माध्यममार्फत खरिद गर्न पुनः सूचना प्रकाशित भएको छ । यस खरिद प्रक्रिया सम्पन्न हुँदा दैनिक छपाइ क्षमतामा दोब्बर वृद्धि हुन्छ । स्मार्ट कार्ड र मास प्रिन्टर प्राप्त भएपश्चात् आठ महिनामा लाइसेन्स छपाइको सम्पूर्ण समस्या समाधान हुने कार्ययोजना तय भएको छ ।

२५) प्रदेशसहितका यातायात व्यवस्था कार्यालय र सेवा कार्यालयहरुमा अनलाइन भुक्तानी एवम् परिमार्जित विद्युतीय सवारी दर्ता प्रणालीको सम्झौताबमोजिमको म्याद १५ डिसेम्बर २०२३ सम्म थप गरी यातायात व्यवस्था सेवा कार्यालय, बर्दिवासमा परीक्षणको कार्य अगाडि बढेको छ । परीक्षण सम्पन्न भएलगत्तै बाँकी १४ कार्यालयमा लागू गर्न प्रक्रिया अगाडि बढाइने छ ।

२६) लाइसेन्स छपाइकामा देखापरेको समस्याको स्थायी समाधान नभएसम्मका लागि विदेश जाने कामदार एवम् विद्यार्थी, शान्ति मिसन जाने सेना, प्रहरी र कूटनीतिज्ञलाई अनलाइन निवेदन दिएको तेस्रो दिनभित्र स्मार्ट कार्ड छपाइ गराई विभागको सहायता कक्षबाट उपलब्धता गराउने व्यवस्था गरिएको छ । नयाँ लाइसेन्स र वर्ग थपको हकमा विभाग र सम्बन्धित कार्यालयले परीक्षणकालीन सवारी चालक अनुमति-पत्र छपाइ गरी उपलब्ध गराइएको छ ।

२७) अनलाइन भुक्तानीसहित परिमार्जित विद्युतीय सवारी चालक अनुमतिप-पत्र प्रणाली यातायात व्यवस्था कार्यालय/सेवा कार्यालयमा लागू गर्न परामर्श सेवा खरिद भई कार्य अगाडि बढेको छ ।

२८) विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणाली थप पाँचवटा यातायात व्यवस्था कार्यालय/सेवा कार्यालय (गौर, चितवन, राजविराज, पाल्पा र चौरजहारी) मा लागू गरिएको छ । कूल ३६ कार्यालयमा उक्त प्रणाली लागू भएको छ ।

२९) कानुनी, क्षेत्राधिकारलगायत विषयका बाबजुद बागमती प्रदेश सरकार समेतको समन्वयमा सेवाग्राहीले लाइसेन्सको ट्रायल पास गरेको तीन दिनभित्र लाइसेन्स स्वीकृत गर्ने कार्य अगाडि बढाइएको छ । नयाँ लाइसेन्सको अवधि र लाइसेन्स नवीकरण अवधि पाँच वर्षबाट १० वर्ष कायम गर्नका लागि सवारी तथा यातायात व्यवस्था ऐन संशोधनका लागि प्रस्ताव गरी पठाइएको छ । इम्बोस्ड नम्बर प्लेटमा अङ्ग्रेजीमा मात्र भइरहेकामा देवनागरी लिपिमा समेत हुने गरी संशोधनको प्रक्रिया अगाडि बढाइएको छ । आरएफआइडी गेट नागढुङ्गा र मुड्खु भन्ज्याङमा निर्माण प्रक्रियासमेत अगाडि बढेको छ ।

३०) सवारी चालक अनुमतिपत्र वितरणको काम कानुनबमोजिम प्रदेश सरकार मातहतका यातायात कार्यालयमा रहे पनि कार्यान्वयन नभएको अवस्थालाई दृष्टिगत गर्दै यातायात क्षेत्रको सेवा प्रवाहलाई सरल सुलभ र समयमा नै गर्न आगामी आवदेखि लाइसेन्स छपाइ, रुट परमिट जस्ता कामलाई सम्बन्धित प्रदेशस्तरबाट सञ्चालन गर्ने गरी कार्य थालनी गरिएको छ ।

नेपाल इन्जिनियरिङ परिषद्तर्फ

१) नेपाल इन्जिनियरिङ परिषद्को अध्यक्षलगायतको रिक्त पदहरुमा नियुक्ति गर्ने कार्य सम्पन्न भएका छन् ।

२) परिषद्मा इन्जिनियरको लाइसेन्स परीक्षामार्फत नयाँ नाम दर्ताका लागि पहिलो पटक २०७९/१२/१२ बाट परीक्षा सुरु भएको छ ।

# मिटरब्याज पीडितको समस्या समाधान गर्न आग्रह



काठमाडौं, १३ चैत
जनमत पार्टीका अध्यक्ष सीके राउतले मिटरब्याज पीडितको समस्या समाधान गर्न सरकार समक्ष आग्रह गरेका छन् । अध्यक्ष राउतले सोमवार मिटरब्याज पीडितसँग भेट गरी आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै माग पूरा गर्न सरकारसँग आग्रह गरेका हुन ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले पनि मिटरब्याजी पीडितको मागप्रति ऐक्यबद्धता जनाएका छन् । सहुलियत दरमा ऋणको व्यवस्था गर्नुपर्ने, मिटर ब्याजीलाई कारबाही गर्नुपर्ने, मिटर ब्याज विरुद्ध कानुन निर्माण गर्नुपर्ने, तमसुक व्यवस्था खारेज गर्नुपर्ने, झुट्टा मुद्दामा गिरफ्दार गरिएका पीडितलाई रिहा गर्नुपर्ने लगायतका माग राखी आन्दोलन गर्दै आएका मिटरब्याजी पीडितको मागप्रति मेयर साहले आज सामाजिक सञ्जालमार्फत ऐक्यबद्धता जनाएका छन् ।

"११ दिन हिँडेर काठमाडौं आएको समाचार हेरेपछि महानगरको मेयरको हैसियतले आफ्नो कार्य क्षेत्रमा नपरे पनि मानवताको नाताले काठमाडौं वसुन्जेल पशुपति धर्मशालामा बास र खानाको व्यवस्थापन गर्नका लागि आज बिहानै सम्पर्क गरियो तर पीडितले खुल्लामञ्चमै बस्न खोज्नुभयो", मेयर साहले भन्नुभएको छ ।

मागप्रति ऐक्यबद्धता जनाउँदै समस्या समाधानका लागि सरकारसँग माग गर्नुभएको छ । मिटर ब्याज पीडित सहुलियत दरमा ऋणको व्यवस्था गर्नुपर्नेलगायत माग गर्दै आज वीर अस्पतालको अगाडि सडकमा प्रर्दशनसमेत गरेका छन् ।

# चिकेन स्टेसनलाई कारबाही सिफारिस




मधेशदृष्टि
वीरगंज १३ चैत ।
रमदानको अवसरमा १० प्रतिशत छुटमा गाईको मासुको कबाब बेच्ने विज्ञापनकर्ता लोहारपट्टिमा रहेको चिकेन स्टेसनलाई कारवाही गर्न मधेशी आयोगले गृह मन्त्रालयलाई पत्राचार गरेको छ । हिन्दू परिषद नेपालका केन्द्रीय सदस्यसमेत रहेका अरुण झाले सञ्चालन गरेको चिकेन स्टेसनमा रमदानको अवसरमा गाईको कबाब १० प्रतिशत छुटमा पाइने विज्ञापन सामाजिक सञ्जालमा आएपछि ' बीफ कबाब'को विज्ञापन गर्ने ' चिकेन स्टेसन'लाई कारवाही गर्न आयोगले गृह मन्त्रालयमा पत्राचार गरेको हो । सर्वत्र आलोचना भएपछि चिकेन स्टेसन वीरगंज फेसबुक पेजबाट विज्ञापनको हटाइएको छ । विभिन्न संघसंगठनले मधेसी आयोगमा राष्ट्रिय जनावर गाईको मासु बेच्न खोज्ने चिकेन स्टेसनलाई कारबाही गर्न उजुरी दिएका थिए ।यसैबीच, चिकेन स्टेसनका सञ्चालकहरुले सोमबार वीरगंजमा पत्रकार गरी भुलवस विज्ञापन प्रकाशित भएकामा क्षमायाचना गरेका छन् ।

## छोरी जन्मिदै प्रदेश..........................................

नाममा रकम नै जम्मा भेटिनँ ।' २०७७ को सुरुमै छोरीको नाम दर्ता गराएकी रंजितालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले छोरीको वीमा रकम बैंक खातामा पठाइसकेको जानकारी दिएको थियो ।

उनले भनिन्, 'छोरीको खातामा सरकारले रकम पठाएको छ भनी ढुक्क थिएँ, तर बैंक पुगेर छोरीको खातामा सरकारले कति पैसा हालिदिएछ भनेर बुझ्न खोज्दा खातामा एक रुपैया पनि थिएन ।' सरकारले पनि सस्तो लोकप्रियताका लागि गरिब र विपन्नलाई ठग्दोरहेछ भन्ने परेको छ रंजितालाई ।

सुरुमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले हेर्दै आएको बेटी पढाऊ, बेटी बचाउ अभियान कार्यक्रम अन्तर्गत छात्रा साइकल वितरणमा भ्रष्टाचार भएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले फाइल लगेपछि सामाजिक विकास मन्त्रालयअन्तर्गत रहेको शिक्षा निर्देशनालयले यो कार्यक्रम हेर्दै आएको छ । निर्देशनालयमा गएपछि प्रत्येक स्थानीय तहमा वडावडामा शिविर सञ्चालन गरी दर्ता गर्ने प्रक्रिया अघि बढाइयो । पछि वडाबाटै फारम भर्न थालियो । अहिले अनलाइनमार्फत दर्ता शुरु भएको छ ।

निर्देशनालयका एक कर्मचारीका अनुसार वीमा फारम भरेका ३२ हजार छोरीको खातामा सरकारले हालसम्म रकम जम्मा नै गरेको छैन । कार्यक्रमकी संयोजक प्रियंका यादवले स्थानीय तहमा शिविरमार्फत वीमा फारम भरेका र मुख्यमन्त्री कार्यालयमा आएर फारम भरेका झन्डै तीन हजार छोरीको खातामा पैसा पुग्न नसकेको बताएकी छिन् । उनका अनुसार, मधेश प्रदेशका १ सय ३६ मध्ये १ सय ३५ स्थानीय तहमा शिविरमार्फत वीमा फारम भराउने काम शुरु गरिएको थियो ।

सोही बीचमा कोभिड संक्रमणले फारम संकलन र वीमा गर्ने काम बीचमै रोकियो । ठ्याक्कै कति फारम भरियो भन्ने तथ्यांक पनि छैन । शिविरमा फारम भरिएका कुनै पनि खातामा पैसा गएको छैन । उनले भनिन्, 'ती खातामा पैसा हाल्ने-नहाल्ने निर्णय पनि प्रदेश सरकारबाट भएको छैन, त्यस अवधिमा जन्मेका र फाराम भरेका छोरीको वीमाका लागि अहिले बजेट पनि छैन ।'

२०७६ चैतदेखि २०७८ पुससम्ममा जन्मेका र फाराम भरेका छोरीहरूको वीमा अन्योलमा परेको छ । उनका अनुसार छोरी वीमाका लागि सरकारले चालु आर्थिक वर्षमा पाँच करोड रुपैयाँ मात्र विनियोजन गरेको छ र पछिल्लो वर्षको बाँकीको प्रिमियम तिर्न सम्भव छैन ।

यो खबरसँगै 'बेटी बचाऊ, बेटी बचाऊ' अभियान प्रदेश सरकारले भ्रष्टाचार गर्न ल्याएको आरोप लाग्न थालेको छ । यसअघि कार्यक्रम अन्तर्गत छात्रालाई वितरण गरिएको साइकलमा भ्रष्टाचार भएको आरोप प्रमाणित भइसकेको महोत्तरीको मटिहानी नगरपालिकाका मेयर हरि मण्डल बताउँछन । उनले भने, 'साइकलकान्डपछि अब छोरी शिक्षा वीमाको भ्रष्टाचार उदांगो भएको छ ।'

मेयर मण्डलले 'वीमा शिविर' आउँदा प्रदेश सरकारलाई जनशक्ति दिएर सहयोग गरिएको बताए । 'आमाहरूले लामो लाइन बसेर छोरीको वीमा फराम भरे,' मण्डलले भने, 'अहिले पैसा नराखेकाले प्रदेश सरकारले मधेशकी छोरीसँग ठगी गरेको छ ।' यस्तै जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले शिविरमार्फत वीमाका लागि दर्ता गरिएको छोरीहरुको वीमा वापतको रकम प्रदेश सरकारले खातामा जम्मा नगर्नु सरासर गलत र ठगी भएको बताए ।

'प्रदेश सरकारले स्थानीय तहले पाउने मालपोत करबाट ७ प्रतिशत रकम छोरी वीमाको नाममा लिने गरेको छ,' मेयर साहले भने, 'स्थानीय तहबाट रकम लिई छोरीको खातामा जम्मा नगर्नु भ्रष्टाचार हो, जन्मँदै भ्रष्टाचारको कलंकमा छोरीहरु जोड्नु अपराध हो ।' आफूहरुले करबाट दिएको रकम छोरी वीमाको रकम कहाँ खर्च भयो भन्ने जानकारी समेत नभएको मेयर साहले बताए ।

कार्यक्रम संयोजक प्रियंका यादवका अनुसार ८ हजार ५ सय ४८ छोरीको वीमा भएको छ । तीमध्ये ५ हजार ६ सय ६६ छोरीको वीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत रहँदै भएको थियो । त्यति बेला प्रभु बैंकसँगको सम्झौतामा ३७ हजार ४ सय ५३ रुपैयाँ प्रिमियम थियो । पछिल्लो समय भने प्रदेश सरकारले ग्लोबल आइएमई बैंकसँग सम्झौता गरेर एक छोरीको शिक्षा वीमाबापत ३७ हजार ४ सय ५७ रुपियाँ ६० पैसा प्रिमियम बुझाउने गरेको छ । वीमा गरिएकी छोरीले तोकिएको मापदण्ड पूरा गरे २० वर्षपछि तीन लाख रुपैयाँ पाउनेछिन् । वीमा रकम पाउन बालविवाह भएको हुनु हुँदैन । निरन्तर कक्षा १२ सम्मको पढाइ पूरा गरेको हुनुपर्ने व्यवस्था छ ।

# जासुसी आरोपमा जापानी नागरिक पक्राउ



बेइजिङ । टोकियोले आफ्ना एक नागरिकलाई रिहा गर्न बेइजिङलाई आग्रह गरेपछि चीनले जासुसीको आरोपमा एक जापानी नागरिकलाई हिरासतमा लिएको सोमबार पुष्टि गरेको छ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार सम्मेलनमा भने, 'सम्बन्धित चिनियाँ अधिकारीहरूले यसै महिना एक जापानी नागरिकविरुद्ध कानुनअनुसार बलजफ्ती आपराधिक कदम चालेका छन् ।' माओले भने, 'यी जापानी नागरिकमाथि आपराधिक कानून र जनवादी गणतन्त्र चीनको जासुसी विरोधी कानूनको उल्लङ्घन गर्दै जासुसी गतिविधिमा संलग्न भएको आशङ्का गरिएको छ ।'उनले भने, 'चीन विधिको शासन भएको देश हो । चीनमा रहेका सबै विदेशी नागरिकले चिनियाँ कानुनको पालना गर्नुपर्छ र दोषीलाई कानुनअनुसार कारबाही हुन्छ ।' जापानी सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले सोमबार पत्रकारसँग कुरा गर्दै चीनस्थित टोकियोको दूतावासलाई 'यसै महिना ५० वर्षीय एक जापानी नागरिकलाई बेइजिङमा पक्राउ गरिएको' जानकारी दिइएको बताए । उनले पक्राय परेका व्यक्तिको पहिचान, उनको कथित अपराध वा उनी कहिले पक्राउ परेको थियो भन्नेबारे कुनै विवरण दिएन। मात्सुनोले भने, 'हामीले यो घटनाबारे थाहा पाएदेखि नै जापानी सरकारले ती जापानी नागरिकलाई तत्काल रिहा गर्न जोडदार आग्रह गर्दै आएको छ।' टोकियोले ती व्यक्तिसँग 'कन्सुलर एक्सेस'को पनि माग गरिरहेको उनले बताए।

# अवार्डमा अब्बल 'ऐना झ्यालको पुतली'



काठमाडौँ । चलचित्र 'ऐना झ्यालको पुतली' अवार्डमा अब्बल सावित भइरहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा चलचित्रले सहभागी भएको अवार्डमा आफूलाई प्रमाणित गर्दै विधागत विजेता बनिरहेको छ । हालै सम्पन्न नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा समेत यसले उत्कृष्ट चलचित्रसँगै निर्देशक, लेखनसहित बालकलाकार दिनेश खत्रीले अवार्ड जिते ।

'हाम्रो कामलाई विश्वले हेर्नुभएको छ । हेरेर यसले दिएको सन्देशलाई महसुस गर्दै स्वीकार्नुभएको छ । हाम्रो निमित यो नै ठूलो अवार्ड हो,' निर्देशक सुजित बिडारीले भने, "चलचित्रले ग्रामीण भेगको एउटा सामान्य परिवारको कथा भनेको छ।

यसमा मेरो बालापनलाई समेत महसुस गर्ने गरेको छु।'

छ-सात पेजमा कथा बनाएका उहाँले आफ्नो समाजको भोगाइ नलेख्ने भनेर सुरुआत गरेको बताए।

'चलचित्र बनाउने कि नबनाउने भन्ने दुविधा हुँदा नै मैले पढ्न दिएकाले पचासको दशकमा सबैको भोगाइ रहेको प्रतिक्रिया दिएपछि ठूलोपर्दामा ल्याउने तयारी गरेको थिए । अहिले विभिन्न अवार्ड समारोहमा पाउने वाहवाहीले त्यो समयको मेहनतलाई बिर्साएको छ,' निर्देशक बिडारीले भने।


उनले यसअघि १४ मिनेट लामो लघु चलचित्र 'सावित्री' लेखन तथा निर्देशन गरेका थिए। पहाडी जिल्लाको गाउँमा बसोबास गर्ने १३ वर्षीया किशोरीको सहरमा गएर पढ्ने सपनालाई विषय बनाएको छ । झ्यालमा अड्किएको पुतलीले बाहिर के छ सबै देख्छ तर जति प्रयास गरे पनि निस्कन नसक्ने सन्दर्भलाई प्रस्तुत गरिएको चलचित्रमा सिरु विष्ट, कञ्चन चिमरिया, दिनेश खत्री, राज थापा, विशा चामलिङ राई, उमेश श्रेष्ठ, मल्लिका श्रेष्ठलगायतका कलाकारले अभिनय गरेका छन्।

दक्षिण कोरियाको बुसान फिल्म फेस्टिभलको न्यू करेन्ट सेक्सनमा छानिने पहिलो नेपाली चलचित्र बनेको 'ऐना झ्यालको पुतली' ले ढाका इन्टरनेसनल फिल्म फेस्टिभलमा उत्कृष्ट निर्देशकको अवार्ड जितेको थियो।

चेक रिपब्लिकको जलिन फिल्म फेस्टिभल र अष्ट्रेलियाको एसिया प्यासिफिक स्क्रिन अवार्डजस्ता विश्वका प्रतिष्ठित फिल्म फेस्टिभलमा छनोट भइसकेको चलचित्रले भारतको प्रतिष्ठित कौतिक अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा सर्वोत्कृष्ट चलचित्रसँगै सम्पादन, अभिनेता र अभिनेत्री विधामा अवार्ड जितेको थियो।

यो चलचित्र हालै सम्पन्न ९५ औँ एकेडेमी अवार्ड (अस्कर अवार्ड) का लागि नेपालबाट सिफारिस भएको थियो।

# ओलम्पिक छनोटको खेल नेपालमा हुने



काठमाडौँ, १३ चैत । फ्रान्सको पेरिसमा आयोजना हुने महिला ओलम्पिक फुटबल-२०२४ प्रतियोगिताको एशियाली छनोटको पहिलो चरणको खेल नेपालले आयोजना गर्ने भएको छ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले आयोजना गर्ने प्रतियोगितामा नेपाल र भियतनामको महिला फुटबल टोलीको सहभागिता रहनेछ । नेपालको समूहमा अफगानिस्तान र प्यालेस्टाइन पनि रहेका भए पनि दुवैले प्रतियोगिता नखेल्ने भन्दै नाम फिर्ता लिएपछि दुई नेपाल र भियतनामबीच मात्र प्रतिस्पर्धा हुन लागेको हो । समूहको विजेता टोली महिला ओलम्पिक फुटबलको दोस्रो चरणमा पुग्नेछ । एशियाली राष्ट्रलाई विभिन्न सात समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहको विजेता टोली दोस्रो चरणमा पुग्नेछ। नेपालमा आयोजना हुने पहिलो चरणको खेल यही चैत २२ र २५ गते दशरथ रङ्शालामा हुनेछ।

खेल हेर्ने दर्शकका लागि साधारण टिकटको मूल्य प्यारापिटतर्फ रु तीन सय र भिआइपी प्यारापिटतर्फ एक हजार रुपैयाँ कायम गरिएको एन्फाले जनाएको छ। उक्त प्रतियोगिताका लागि करिब ४३ लाख रुपैयाँ खर्च लाग्ने आयोजकले जनाएको छ।

# कालोसूचीबाट तालिवानको नाम हटाउन आग्रह



काबुल । तालिबान समूहले संयुक्त राष्ट्रसङ्घ (यूएन) लाई आफ्ना सदस्यहरूको नाम कालोसूचीबाट हटाउन सोमबार पुनः आग्रह गरेको छ।

अफगानिस्तानका अधिकारीहरूलाई दबाब दिनुको साटो अन्तर्राष्ट्रिय समुदायले उनीहरूसँग सहकार्य गर्नुपर्ने तर्क तालिवानले गरेको छ । सुरक्षा परिषद्ले यात्रा छुट बढाउने वा नबढाउने भन्ने विषयमा सहमति गर्न नसकेपछि १३ जना अफगानी इस्लामी अधिकारीलाई विदेश यात्रागर्न अनुमति दिने संयुक्त राष्ट्रसङ्घको छुटको म्याद सन् २०२२ को अगष्टमा सकिएको थियो ।झण्डै २० देखि २५ जना तालिवान व्यक्तिहरूलाई कालो सूचीमा राखिएको छ । तालिबानका प्रवक्ता जबीउल्लाह मुजाहिदलाई उद्धृत गर्दै टोलोन्यूजले भनेको छ, 'तीमध्ये केहीको मृत्यु भइसकेको छ, जीवितमध्ये धेरै कम अहिले सरकारमा छन् ।' इस्लामिक इमिरेट्सका अधिकारीहरूलाई संयुक्त राष्ट्रसङ्घको कालोसूचीमा समावेश गर्नु दोहा सम्झौताको उल्लङ्घन भएको मुजाहिदको तर्क छ । उनले भने, 'हामीले धेरै पटक भनिसकेका छौं, दबाब र बल प्रयोगले कुनै परिणाम ल्याउँदैन । अफगानिस्तानका जनता दबाबसामु आत्मसमर्पण गर्ने छैनन् भन्ने विगत २० वर्षको युद्धले प्रमाणित गरेको छ ।' 'संलग्नता र समझदारी राम्रो छ र वार्ता एक राम्रो विकल्प हो,' उनले थपे । सन् २०२० मा दोहामा हस्ताक्षर भएको दोहा सम्झौता विशेष गरी संयुक्त राज्य अमेरिका र तालिबानबीच अफगानिस्तानमा शान्ति ल्याउन हस्ताक्षर गरिएको एक विस्तृत शान्ति सम्झौता हो। अफगानिस्तानबाट अमेरिकी सेनाफिर्ता तालिबानको सुरक्षा आश्वासनमा निर्भर थियो। सम्झौतामा अफगान भूमि अल-कायदा वा इस्लामिक स्टेटद्वारा अमेरिका विरुद्ध आक्रमणको कार्यस्थलका रूपमा प्रयोग नगरिने सर्तमा अमेरिकी नेतृत्वको सैनिक गठबन्धन अफगानिस्तानबाट बहिर्गमित भएको थियो।

राजनीतिक विश्लेषक टोरेक फरहादीले जारी मानवीय सङ्कट र महिलाको आधारभूत अधिकारबाट वञ्चित हुनु नै तालिबानमाथिको प्रतिबन्धको कारण भएको बताएका छन् । फरहादीले भने, 'शिक्षा र कामका लागि महिलाको अधिकार सुनिश्चित गर्नु र अन्तर-अफगान वार्तापछि अफगानिस्तानको नेतृत्व तहमा तालिबान नभएका प्रतिनिधिहरूलाई समावेश गर्नु नै प्रतिबन्धको कारण हो ।' यसबाहेक, राजनीतिक विश्लेषकहरूले संयुक्त राष्ट्रसङ्घको कालोसूचीमा इस्लामिक इमिरेट्सका सदस्यहरूको निरन्तर उपस्थिति अन्तर्राष्ट्रिय समुदायको माग पूरा गर्न असफल भएका कारण भएको दाबी गरेका छन् । एक राजनीतिक विश्लेषक सलीम काकरले यसबारे एक फरक परिवेशमा भने, 'मेरो विचारमा अफगान तालिवान अधिकारीहरूमाथिको कालोसूची इस्लामिक इमिरेट्सले वर्तमान प्रणाली र वर्तमान अन्तर्राष्ट्रिय कानूनहरूको पालना नगर्दासम्म अफगानिस्तानमा विश्वको राजनीतिक दबाबको एक भाग हो ।' तालिबानले अफगानिस्तानमा सत्ता कब्जा गरेयता देशमा महिलामाथिको दमन, तालिवान इतर समूहमाथिको दमन र समग्र शिक्षा तथा मानवअधिकारका मुद्दाहरू ओझेलमा परेका छन् । आर्थिक तथा राजनीतिक सङ्कट धेरै गुणा बढेको छ, जसले गर्दा मानिसहरूको जीवन अत्यन्त दयनीय बनेको छ।

# मंगलबारदेखि सूर्य नेपाल च्यालेन्ज गल्फ




काठमाडौँ, १३ चैत। सूर्य नेपाल गल्फ टुरअन्तर्गतको छैटौँ संस्करणको प्रतियोगिता मङ्गलबारदेखि सुरु हुँदैछ।

रोयल नेपाल गल्फ क्लबमा चार दिनसम्म सञ्चालन हुने प्रतियोगिता ७२ होलको हुने सोमबार आयोजित पत्रकार सम्मेलनमा आयोजक 'प्रोफेसनल गल्फर एसोसिएसन'का अध्यक्ष रविन्द्रमान श्रेष्ठले जानकारी दिए । प्रतियोगितामा ३० प्रोफेसनल र आठ एमेच्योर गरी ३८ खेलाडीको सहभागिता रहने छ। प्रतियोगितामा साविक विजेता भुवन नगरकोटी, जयराम श्रेष्ठ, सञ्जय लामा, रवि खड्का, रामे मगर, सुवास तामाङ, सद्भाव आचार्यलगायत खेलाडी सहभागी हुने बताइएको छ। नेपालका नम्बर एक खेलाडी शुक्रबहादुर राईले भने प्रतियोगितामा सहभगिता जनाउने छैनन्। उनी हाल भारतमा छन्। प्रतियोगिताको विजेताले एक लाख, उपविजेताले ६५ हजार, तेस्रोले ४६ हजार, चौथोले ३८ हजार, पाँचौंले ३४ हजार, छैटौंले ३० हजार, सातौंले २७ हजार, आठौंले २४ हजार, नवौंले २२ हजार तथा दशौँ स्थान हासिल गर्ने खेलाडीले २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगितामा हरेक दिन १८ होलको खेल हुनेछ।

# 'ट्विटरको मूल्य २० अर्ब डलर'



न्यूयोर्क। एलन मस्कले ट्विटरको मूल्य २० अर्ब अमेरिकी डलर रहेको बताएका छन् । यो मूल्य मस्कले पाँच महिनाअघि मात्र सोसल मिडिया प्लेटफर्मका लागि तिरेको ४४ अर्ब डलरभन्दा आधा भन्दा पनि कम हो।

कर्मचारीहरूलाई पठाइएको इमेलमा सान फ्रान्सिस्कोस्थित कम्पनीमा नयाँ स्टक क्षतिपूर्ति कार्यक्रम र ट्विटरको छाता कम्पनी 'एक्स होल्डिङ्स'का कर्मचारीहरूलाई शेयर बाँडफाँड गरिएको उल्लेख गरिएको छ। क्षतिपूर्ति योजनाले ट्विटरको मूल्य २० अर्ब डलर तोकेको छ। यो मूल्य 'स्न्यापच्याट'को मूल कम्पनी 'स्न्याप' (१८.२ बिलियन डलर) वा 'पिन्टेरेस्ट' (१८.७ बिलियन डलर) भन्दा केही मात्र बढी हो। आन्तरिक इमेलमा मस्कले ट्विटरको मूल्यमा भएको क्रुर सङ्कुचनको वर्णन गर्दै उनले बताएका छन्, 'ट्विटरले यस्तो गम्भीर वित्तीय कठिनाइ सामना गर्नुपर्‍यो कि एक बिन्दुमा यो चरम आर्थिक सङ्कटको सङ्घारमा पुगेको थियो।' यसअघि, मस्कले ट्विटरमा शनिबार पोस्ट गरेको एक सन्देशमा भनेका छन, 'ट्विटरले प्रतिवर्ष तीन अर्ब अमेरिकी डलर गुमाउने अनुमान गरिरहेको छ।' उनले वार्षिक १.५ अर्ब अमेरिकी डलरको राजस्वमा गिरावट र समान रकमको ऋण-सेवा बोझको हवाला दिएका थिए । ट्विटरका बहुसंख्यक शेयरहोल्डर मस्कले भने, 'कम्पनीको अवस्था अत्यन्तै डरलाग्दो स्थितिमा छ।'

मस्कले आफ्नो नियन्त्रणमा लिएयता समूहको पेरोल सात हजार ५ सय कर्मचारीबाट घटाएर दुई हजारभन्दा कममा झारेका छन्। उनले २ सय ५० अर्ब अमेरिकी डलरको मूल्याङ्कनका लागि 'स्पष्ट तर कठिन बाटो' देखेको एएफपीलाई प्राप्त इमेलमा बताएका छन्।

# भारतीय राष्ट्रपति पश्चिम बङ्गालमा



नयाँ दिल्ली। भारतीय राष्ट्रपति द्रौपदी मुर्मू सोमबार पश्चिम बङ्गालको दुई दिने भ्रमणका लागि प्रस्थान गरेकी छन्।

राष्ट्रपतिको रूपमा शपथ लिएपछि मुर्मूको यो पहिलो राज्य भ्रमण हो। राष्ट्रपति मुर्मूले आफ्नो भ्रमणका क्रममा भारतीय नेताजी सुभाषचन्द्र बोसप्रति श्रद्धाञ्जलि अर्पण गर्न कलकत्तास्थित नेताजी भवन गएकी थिइन्।

त्यसपछि उनी जोरासांको ठाकुरबारीस्थित रवीन्द्रनाथ टैगोरको घरमा गएर टैगोरप्रति श्रद्धाञ्जलि अर्पण गरेकी छिन् । राष्ट्रपति मुर्मूले कोलकाताको नेताजी इन्डोर रङ्गशालामा आफ्नो सम्मानमा आयोजना हुने नागरिक अभिनन्दन समारोहमा सहभागी भएर २८ मार्च मा बेलुर मठको भ्रमण गर्ने कार्यक्रम छ।

उनी कलकत्ता यूको बैंकको ८० वर्ष पूरा भएको उत्सवमा गरिने कार्यक्रममा पनि सहभागी हुनेछिन् । यसअघि, मार्च १९ मा राष्ट्रपति मुर्मूले तमिलनाडुको कन्याकुमारी जिल्लामा रहेको विवेकानन्द रक स्मारकको भ्रमण गरेकी थिइन् । त्यसैगरी, अघि मार्च १६ देखि मार्च २१ सम्म राष्ट्रपति मुर्मू केरला, तमिलनाडु र लक्षद्वीपको एक हप्ताको भ्रमणमा थिइन्।

